CAMPAIGN NEWSLETTER

# अभियान समाचार

एम्नेस्टी इन्टरनेसनल नेपालको
त्रैमासिक प्रकाशन

जुलाई - अगस्ट २००९ July-August 2009





उनीहरु कहाँ छन् ?

वायर

रोमविधान विशेष

# यसपालि


दण्डहीनता अन्त्य गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता पृष्ठ २




मस्यौदा विधेयक संशोधन गर्न माग



आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारबारे नूतन थपलियाको विचार
पृष्ठ १७

रोम विधानअनुमोदनका लागि एम्नेस्टी इन्टरनेसनलको अभियान
पृष्ठ २०

'लज्जाजनक निर्णय'
सुकीबारे एम्नेस्टी इन्टरनेसनलका महासचिवको भनाइ



पृष्ठ ३६

एउटा घाउ जसको कहिल्यै उपचार भएन्



पृष्ठ ४०

हस्ताक्षर संकलन, साधारण सभा, अन्तरक्रियालगायतका विविध समाचार सामग्री (बाँकी पृष्ठमा)


## आवरण

एम्नेस्टी इन्टरनेसनल नेपालको प्रतिनिधिमण्डल जुलाई १, २००९ का दिन प्रधानमन्त्री माधवकुमार नेपाललाई जबर्जस्ती बेपत्ताविरुद्ध अन्तर्राष्ट्रिय सञ्जालका तर्फबाट जबर्जस्ती बेपत्ता बनाइएकाहरूका सम्बन्धमा अन्तर्राष्ट्रिय अभिसन्धि अनुमोदनको माग गरी ज्ञापनपत्र बुझाउँदै ।

तस्वीर : एम्नेस्टी इन्टरनेसनल नेपाल


**Published by**

AMNESTY INTERNATIONAL



**Amnesty International Nepal**
Amnesty marga, Basantanagar
P.O. Box 135, Balaju, Kathmandu, Nepal

Tel: +977 1 4364706 or 43655431
Fax: +977 1 4354987
Email: info@amnestynepal.org
www.amnestynepal.org

सम्पादकीय

# बेपत्ता घटनामा गम्भीर बन

विगत एक दशक लामो द्वन्द्वका क्रममा नेपालमा बेपत्ता भएका नागरिकहरुको छानबिन र स्थिति सार्वजनिक गर्नेतर्फ राज्यले खासै गम्भीरता देखाएको पाइएको छैन । कागजी रुपमा थुप्रै प्रतिबद्धता व्यक्त गरिए पनि व्यवहारमा भने तिनको कार्यान्वयन हुनसकेको छैन । एम्नेस्टी इन्टरनेसनललगायत अधिकारकर्मीले सरकारलाई यससम्बन्धमा आग्रह गरे पनि यसतर्फ राज्यको ध्यान गम्भीर रूपमा जान सकेको छैन ।

अन्तर्राष्ट्रिय रेडक्रस (आईसीआरसी) का अनुसार नेपालमा बेपत्ता हुनेको संख्या १ हजार ३ सयभन्दा बढी छ । यी मान्छे कहाँ छन्, मारिइसके वा कतै बन्धक बनाएर राखिएको छ भन्ने कुराको यथार्थ जानकारी राज्य र माओवादी कसैले पनि सार्वजनिक रुपमा भन्न आवश्यक ठानेका छैनन् । वर्षौंदेखि आफन्तजन हराउँदाको पीडा परिवारलाई कति होला भन्ने कुराको अनुमानसमेत गर्न गाह्रो हुन्छ ।

एउटा प्रजातान्त्रिक मूल्यमान्यताअनुसार चलेको राज्य व्यक्ति बेपत्ताजस्तो जघन्य अपराधका बारेमा आफै जवाफदेही हुनुपर्दछ । तर नेपालमा त्यसो हुन सकिरहेको अवस्था छैन ।

२०६३ मङ्सिर ५ गते भएको बृहद् शान्ति सम्झौतामा बेपत्ताका बारेमा राज्य र माओवादीले देखाएका प्रतिबद्धता वास्तवमै आकर्षक छन् । तर ती सम्झौतामा मात्र सीमित भए, कार्यान्वयन भएका छैनन्। यसले गर्दा शान्ति सम्झौताको विश्वसनीयतामाथि नै प्रश्न चिह्न लाग्न पुगेको छ ।

बेपत्ता नागरिकका सम्बन्धमा सरकारले शान्ति सम्झौता र २०६४ जेठ १८ गते को सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्नेतर्फ कदम चाल्न ढिलाइ गर्नुहुँदैन । सरकारले प्रस्ताव गरेको व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) सम्बन्धी प्रस्तावित विधेयकमा भएका कमीलाई सम्बोधन गर्नका लागि समेत एम्नेस्टी इन्टरनेसनल लगायतका मानव अधिकारवादी संगठनहरूद्वारा ध्यानाकर्षण गराइसकिएको छ । यसको पूर्ण पालना विधेयकमा प्रतिविम्बित हुने अपेक्षा गरिएको छ । त्यसैले बेपत्ता नागरिकको छानबिन गरी तिनको स्थिति स्पष्ट गर्ने, दोषीमाथि कारबाही गर्ने र पीडितका परिवारलाई राहत र उचित परिपूरणको व्यवस्था गर्नेतर्फ राज्यको ध्यान अविलम्ब जानुपर्दछ । हामी नेपाल सरकारलाई जबर्जस्ती बेपत्तासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गर्न आग्रह गर्दछौं ।


## ए.आई. नेपाल राष्ट्रिय कार्यसमितिका पदाधिकारी

| | |
|---|---|
| अध्यक्ष | हेमकुमार खड्का |
| उपाध्यक्ष | केशव सिग्देल |
| महासचिव | शम्भु ठाकुर |
| उपमहासचिव | उत्तम सापकोटा |
| कोषाध्यक्ष | रश्मिला भोछिभोया |
| सदस्य | ममिताकुमारी पुन |
| | यशोदाकुमारी उपाध्याय |
| | चेतनारायण भुसाल |
| | डिकप्रसाद घिमिरे |
| | निर्मलबाबु श्रेष्ठ |
| | राजनप्रसाद कुइँकेल |
| सल्लाहकार | नुतन थपलिया |
| | लोकेश ढकाल |

## ए.आई. नेपाल पुनरावेदन समितिका पदाधिकारी

| | |
|---|---|
| संयोजक | श्यामराज घिमिरे |
| सदस्य | विमलादेवी (विष्ट) गौतम |
| | ऋषिकेश खनाल |

# दण्डहीनता अन्त्य गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता

प्रधानमन्त्री माधवकुमार नेपालले नेपालमा दण्डहीनता अन्त्य गर्नका लागि सरकारले प्रभावकारी कदम चाल्ने बताउनुभएको छ । एम्नेस्टी इन्टरनेसनल नेपालको एक प्रतिनिधिमण्डलसँग आफ्नै कार्यकक्षमा भएको भेटका क्रममा प्रधानमन्त्री नेपालले गत जुलाई १ का दिन सो धारणा राख्नुभएको हो ।

एम्नेस्टी इन्टरनेसनल नेपालका सभापति हेमकुमार खड्काको नेतृत्वको सो टोलीले जबर्जस्ती बेपत्ताविरुद्ध अन्तर्राष्ट्रिय सञ्जाल (ICAED)का तर्फबाट प्रधानमन्त्रीलाई जबर्जस्ती बेपत्ताविरुद्धको महासन्धिमा हस्ताक्षर गर्न आग्रह गर्दै हजारौं पत्र प्रदान गरेको थियो । सो अवसरमा सभापति खड्का र निर्देशक रामेश्वर नेपालले अभियानका बारेमा जानकारी गराउँदै सो अभिसन्धि अनुमोदन गर्न आग्रह गर्नुभएको थियो । सो अवसरमा रक्षामन्त्री विद्यादेवी भण्डारीको समेत उपस्थिति रहेको थियो ।

ICAED मा एम्नेस्टी इन्टरनेसनल नेपालसमेत सदस्य रहेको छ । सो सञ्जालले कुनै निश्चित समयमा कुनै राष्ट्रलाई तोकेर अभियान सञ्चालन गर्दै आएको छ । ICAED ले अप्रिलदेखि जुलाई २००९ सम्म जबर्जस्ती बेपत्ता बनाइएकाहरूका सम्बन्धमा अन्तर्राष्ट्रिय महासन्धि



प्रधानमन्त्रीसँग एम्नेस्टी इन्टरनेसनल नेपालको प्रतिनिधिमण्डल ।

## प्रधानमन्त्रीसँग केके भयो ?

- नेपालको प्रधानमन्त्री पदमा निर्वाचित हुनुभएकोमा प्रतिनिधिमण्डलले उहाँलाई हार्दिक बधाई दियो ।
- नेपालमा भएको विगतको द्वन्द्व वा त्यस अघि र पछिका कालखण्डमा कयौँ नागरिकहरू बेपत्ता भएको प्रधानमन्त्रीलाई जानकारी गराइयो ।
- सन् २००३ र २००४ गरी लगातार दुई वर्षसम्म त नेपाल विश्वमा सर्वाधिक नागरिक बेपत्ता पारिने मुलुक बन्न पुग्यो । सयौँ परिवारहरू अहिले पनि हराएका आफन्तहरूको खवर पाउने आशामा व्यग्रताका साथ प्रतीक्षा गरिरहेका छन्, भने बेपत्ता पार्ने कार्यमा संलग्न राज्यपक्ष र गैर राज्यपक्षका व्यक्तिहरूलाई कुनै कानुनी कारबाही थालनी नगरिएको बारेमा पनि प्रधानमन्त्रीसँग छलफल भयो ।
- बेपत्ताहरूको अवस्था सार्वजनिक गर्न र दोषीलाई कारबाही गर्न ठोस प्रयास नहुँदा विगतको जस्तो दुःखद इतिहास फेरि दोहोरिन सक्ने गम्भीर खतरातर्फ प्रधानमन्त्रीको ध्यानाकर्षण गराइयो ।
- भविष्यमा पुनः विगतमा जसरी नागरिकहरू बेपत्ता नपारियुन् भन्ने हो भने त्यसका लागि राष्ट्रियस्तरमा प्रभावकारी कानुन निर्माण तथा तिनको कार्यान्वयनका लागि ठोस प्रयास हुनुपर्दछ भने व्यक्ति बेपत्ता पार्ने कार्य रोकथामका लागि तयार पारिएका अन्तर्राष्ट्रिय कानुनलाई नेपालले अनुमोदन गर्नुपर्दछ भन्ने कुरा प्रधानमन्त्रीलाई स्मरण गराइयो ।

अनुमोदनको माग गर्दै अभियान चलाएको थियो । सो अभियानअन्तर्गत नेपाल र नेपालबाहिर समेतबाट नेपाली अधिकारीहरूलाई पठाइएको ५ हजार ३ सय ६६ अपील पत्र नेपाली अधिकारीहरूलाई बुझाइएको थियो ।

जबर्जस्ती बेपत्ताका सन्दर्भमा छानबिन गर्न प्रभावकारी आयोग बनाउन सर्वोच्च अदालतले ऐतिहासिक फैसला गरेको झन्डै ३ वर्षपछि सञ्जालले फेरि पनि जबर्जस्ती बेपत्ताको घटना नहुने सुनिश्चितताको माग गरेको छ ।

सो अभिसन्धि चाँडै हस्ताक्षर गरिने कुरा सरकारले गरेमा त्यसको सकारात्मक संकेत जाने वक्तव्यमा उल्लेख छ । साथै त्यसो गरिएमा नेपाललाई एसियामा नै यो अभिसन्धि अनुमोदन गर्ने सुरुका राष्ट्रकै पंक्तिमा उभ्याउनेछ ।

संयुक्त राष्ट्रसंघीय महासभाबाट सन् २००६ मा पारित यो अभिसन्धि बेपत्ता भएकाहरूका परिवारजन, गैह्रसरकारी संस्था र सरकारहरूको लामो समयदेखिको प्रयासको प्रतिफल हो ।

बेपत्ता भएकाहरूलाई जोगाउन अपराध गर्ने अपराधीलाई प्रभावकारी ढंगले कारबाही गर्न र पीडित तथा तीनका परिवारलाई परिपूरणको

**अभियानअन्तर्गत नेपाल र नेपालबाहिर समेतबाट नेपाली अधिकारीहरुलाई पठाइएका ५ हजार ३ सय ६६ अपील चिठी नेपाली अधिकारीहरुलाई बुझाइएको थियो ।**

## प्रधानमन्त्रीलाई थप ज्ञापनपत्र

**प्रधानमन्त्रीसँगको भेटघाटका क्रममा नेपालमा विद्यमान मानवअधिकारको अवस्था सुधारका लागि एम्नेस्टी इन्टरनेसनलले अघि सारेका अवधारणासहितको एक अर्को ज्ञापनपत्र पनि बुझाइएको थियो । ज्ञापनपत्रमा भनिएको थियो :**

- सत्य तथा मेलमिलाप आयोगको गठन तत्काल गरी विगतमा मानवअधिकार उल्लंघन र ज्यादती गर्नेलाई कानुनी कारवाही चलाउनु पर्छ र मेलमिलाप वा अन्य कुनै राजनीतिक लेनदेनका नाममा अन्तर्राष्ट्रिय कानुनले अपराध ठहर गरेका कसुरमा संलग्न दोषीलाई आममाफी दिनु हुँदैन ।
- द्वन्द्वकालमा राज्य र विद्रोही दुवैले बेपत्ता बनाएका नागरिकहरूको स्थिति सार्वजनिक गरी बेपत्ता पार्ने कार्यमा संलग्न दोषीलाई कानुनी कारबाही तथा पीडितलाई परिपूरणको व्यवस्था गरिनुपर्दछ ।
- दण्डहीनताको अन्त्यका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान तत्काल अनुमोदन गरिनुपर्दछ ।
- महिला मानवअधिकार रक्षकहरूको सुरक्षाका लागि विशेष पहल गरिनुपर्ने विषयलाई प्राथमिकता दिनुपर्दछ ।

**सो अवसरमा नेपालमा विद्यमान मानवअधिकारको अवस्था सुधारका लागि एम्नेस्टी इन्टरनेसनलले अघि सारेका अवधारणासहितको एक अर्को ज्ञापनपत्रसमेत प्रधानमन्त्रीसमक्ष बुझाइएको थियो ।**

**यसै बेहोराको ज्ञापनपत्र फागुन २९ गते महामहिम राष्ट्रपतिसमक्ष र फागुन ३० गते संविधानसभाका अध्यक्षसमक्ष बुझाइएको थियो भने तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालसमक्ष बुझाउनका लागि समय लिने काम भएकोमा त्यसैताका प्रधान सेनापति विवाद र सरकार परिवर्तनको गृहकार्य भएका कारण सम्भव हुन सकेको थिएन ।**

व्यवस्थाका लागि महत्वपूर्ण भूमिका खेल्न सक्दछ । अहिले विश्वभरि नै अनगिन्ती मानिसहरू बेपत्ता भइरहेका छन् । सबै देशहरूमा यो अभिसन्धिको प्रवेश, यसको अनुमोदन र प्रभावकारी कार्यान्वयन प्राथमिकतामा पर्नै पर्दछ । खासगरी नेपालजस्ता राष्ट्र जहाँ बेपत्ता पार्ने कार्यको निरन्तरता छ, ती राष्ट्रमा त झनै यो प्राथमिकतामा पर्नुपर्दछ ।

प्रतिनिधिमण्डलले प्रधानमन्त्रीसमक्ष सञ्जालमा सम्मिलित राष्ट्रहरूको चासो बारेमा जानकारी गराएका थिए । एक दशक लामो आन्तरिक द्वन्द्वको अन्त्यपछि पनि बेपत्ताका घटनामा संलग्न एकजनालाई पनि जवाफदेही बनाइएको छैन । र, यहाँ दण्डहीनता विद्यमान रहेको छ ।

प्रतिनिधिमण्डलले मानवअधिकारका विषयसँग सम्बन्धित छुट्टै ज्ञापनपत्रसमेत प्रधानमन्त्रीलाई बुझाएको थियो । ज्ञापनपत्रमा सत्य तथा मेलमिलाप आयोगको आवश्यकतामा जोड दिँदै गैह्रन्यायिक हत्या, यातना, अपहरण, बेपत्ता र बलात्कारजस्ता अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनका उल्लंघनकर्तालाई आममाफीको व्यवस्था हुन नहुने कुरामा पनि जोड दिएको छ ।

जसमा प्रस्तावित सत्य तथा मेलमिलाप आयोग विधेयकको धारा २५ को उपधारा १ मा अन्तराष्ट्रिय कानुनअनुसार अपराध मानिने घटनामा समेत आममाफीको छुट दिइएकोमा चासो व्यक्त गरिएको छ ।

ज्ञापनपत्रमा सरकार र माओवादीद्वारा बेपत्ता पारिएकाहरूको स्थिति तत्काल सार्वजनिक गर्न पनि माग गरिएको छ । नोभेम्बर २००६ मा भएको शान्ति सम्झौताले निर्धारण गरेको समयसीमा नाघेको दुई वर्षभन्दा बढी समय भइसकेकोसमेत ज्ञापनपत्रमा स्मरण गराइएको छ ।

प्रतिनिधिमण्डलले देखाएको अर्को चासोमा साढे दुई वर्षभन्दाअघि संसदले अनुमोदनका लागि निर्देशन दिएको रोमविधानको अनुमोदनसम्बन्धी प्रसंग रहेको थियो। साथै महिला मानवअधिकार रक्षकको संरक्षणका सम्बन्धमा समेत सो अवसरमा कुरा उठाइएको थियो । ■

# जबर्जस्ती बेपत्तासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदनका लागि अभियान

नेपालमा भएको विगतको द्वन्द्व वा त्यसअघि र पछिका कालखण्डमा कयौँ नागरिकहरू बेपत्ता भएका छन् । सन् २००३ र २००४ मा गरी लगातार दुई वर्षसम्म त नेपाल विश्वमा सर्वाधिक नागरिक बेपत्ता पारिने मुलुक नै बन्न पुग्यो । सयौँ परिवारहरू अहिले पनि हराएका आफन्तहरूको खवर पाउने आशामा व्यग्रताका साथ प्रतीक्षा गरिरहेका छन् भने बेपत्ता पार्ने कार्यमा संलग्न राज्यपक्ष र गैरराज्य पक्षका व्यक्तिहरूलाई कुनै कानुनी कारवाही थालनी गरिएको छैन । बेपत्ताहरूको अवस्था सार्वजनिक गर्न र दोषीलाई कारवाही गर्न ठोस प्रयास नहुँदा विगतको जस्तो दुःखद इतिहास फेरि दोहोरिन सक्ने गम्भीर खतरा बढ्दै गएको छ ।

भविष्यमा पुनः विगतमा जसरी नागरिकहरू बेपत्ता नपारिउन् भन्ने हो भने त्यसका लागि राष्ट्रियस्तरमा प्रभावकारी कानुन निर्माण तथा तिनको कार्यान्वयनका लागि ठोस प्रयास हुनु पर्दछ भने व्यक्ति बेपत्ता पार्ने कार्य रोकथामका लागि तयार पारिएका अन्तर्राष्ट्रिय कानुनलाई नेपालले अनुमोदन गर्नु पर्दछ ।

### नेपाल लक्षित कार्यक्रम

एम्नेस्टी इन्टरनेसनल समेत सदस्य रहेको जबर्जस्ती बेपत्ताका विरुद्ध अन्तर्राष्ट्रिय सञ्जाल (International Coalition against Enforced Disappearance) ले एक निश्चित अवधिभर कुनै एक देशलाई लक्षित गरी जबर्जस्ती बेपत्ताबाट सबै व्यक्तिहरूलाई सुरक्षा गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (International Convention for the Protection of All Persons from Enforced Disappearance) सम्बन्धित देशले अनुमोदन गरोस् भनी विश्वव्यापी अभियान सञ्चालन गर्ने गर्दछ । त्यस सञ्जालले सन् २००९ को अप्रिलदेखि जुनसम्म (३ महिना) नेपाल लक्षित अभियान सञ्चालन गर्‍यो ।

अभियानका क्रममा मूलतः विश्वका विभिन्न मुलुकमा रहेका यस सञ्जालमा आबद्ध संस्था, तिनका सदस्य, विभिन्न मानवअधिकारवादी संस्था र समर्थकले बेपत्ता सम्बन्धी उक्त महासन्धि नेपालले पनि अनुमोदन गर्न आवश्यक छ भन्दै नेपालका प्रधानमन्त्रीलाई पत्र लेख्नुका साथै प्रधानमन्त्रीलाई लेखिएको त्यस्तो अनुरोधपत्रमा हस्ताक्षर संकलन गरेका थिए । त्यसक्रममा स्वीडेन, स्लोभेनिया, स्वीट्जरल्याण्ड, जर्मनी, हङ्गेरी, चेक रिपब्लिक, बेल्जियम, दक्षिण अफ्रिका, बेलायत, अस्ट्रिया लगायतका देशबाट विभिन्न व्यक्ति तथा मानवअधिकारवादी संस्थाहरूले प्रधानमन्त्रीलाई पत्र पठाएका थिए ।

त्यसैगरी ए.आई. नेपालले नेपालका विभिन्न स्थानमा हस्ताक्षर संकलन कार्यक्रम आयोजना गरेको थियो । यसरी स्वदेश र विदेशबाट कुल ५ हजार ३ सय ६६ हस्ताक्षर संकलन भएका थिए ।

यसै गरी नेपाललगायत डेनमार्क, क्यानडा, अस्ट्रेलिया,

### के हो यो महासन्धि ?

- जबर्जस्ती बेपत्ताबाट सबै व्यक्तिहरूलाई सुरक्षा गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (International Convention for the Protection of All Persons from Enforced Disappearance) संयुक्त राष्ट्रसंघीय महासभाबाट २० डिसेम्बर २००६ (A/RES/61/177) मा पारित भएको हो ।
- जबर्जस्ती बेपत्ताका घटनाहरूको रोकथाम गर्न, यस्ता अपराधमा सत्य स्थापित गर्न, दोषीलाई कारवाही गर्न र पीडित एवं तिनका परिवारलाई परिपूरणको व्यवस्था गर्न महासन्धि प्रभावकारी माध्यम हुनेछ ।
- विश्वभर नै असंख्य मानिसहरू "बेपत्ता" पारिइरहेको सन्दर्भमा यो महासन्धिलाई सबै राष्ट्रहरूबाट अनुमोदन तथा कार्यान्वयन गराउने कामलाई अन्तर्राष्ट्रिय समुदाय तथा खासगरी नेपालजस्तो बेपत्तासम्बन्धी समस्याको इतिहास भएका देशहरूले प्राथमिकतामा राख्नु पर्दछ ।

**यदि सरकारले एउटा समयसीमा तोकी त्यस अवधिभित्र उक्त महासन्धि अनुमोदन गरिनेछ भनी निकट भविष्यमै आफ्नो भनाइ सार्वजनिक गर्‍यो भने महासन्धि अनुमोदनको पक्षमा त्यो एउटा महत्वपूर्ण उपलब्धि हुनेछ ।**

फ्रान्स, भारत, चीन, अमेरिका, बेलायत, नर्वे, चेक रिपब्लिक र अन्य देशबाट विभिन्न व्यक्ति तथा मानवअधिकारवादी संस्थाहरूको कुल १३ हजार ६ सय ९१ जनाले नेपाल सरकारलाई अनुरोधपत्र पठाएका छन् ।

## अभियानको अवधि

अभियानको आयोजक जबर्जस्ती बेपत्ताविरुद्ध अन्तर्राष्ट्रिय सञ्जाल (International Coalition against Enforced Disappearance) ले यो अभियान २००९ को अप्रिलदेखि जुनसम्म (३ महिना) सञ्चालन गरेको थियो ।

ए.आई. नेपालका अध्यक्ष हेमकुमार खड्काको नेतृत्वमा गत असार १७ गते दिउँसो ३ बजे एक प्रतिनिधिमण्डलले प्रधानमन्त्री माधवकुमार नेपालसँग भेटी उक्त हस्ताक्षर बुझाएको थियो । भेटका अवसरमा अध्यक्ष खड्का तथा ए.आई. नेपालका निर्देशक रामेश्वर नेपालले महासन्धि अनुमोदनका लागि सञ्चालन गरिएको अभियान तथा महासन्धि अनुमोदन गरिँदा नेपाल र नेपाली नागरिकलाई हुने फाइदाका बारेमा अवगत गराउनुभएको थियो ।

## नेपाल सरकारसँग हामी के चाहन्छौं ?

भविष्यमा यहाँ हुन सक्ने जबर्जस्ती बेपत्ताका घटनालाई रोक्नका लागि नेपाल सरकार प्रतिवद्ध छ भन्ने कुरा दर्शाउन चाहन्छ भने उसले सकेसम्म चाँडो जबर्जस्ती बेपत्ता सम्बन्धी महासन्धिलाई अनुमोदन गर्नु पर्दछ ।

यदि सरकारले एउटा समयसीमा तोकी त्यस अवधिभित्र उक्त महासन्धि अनुमोदन गरिनेछ भनी निकट भविष्यमै आफ्नो भनाई सार्वजनिक गर्‍यो भने महासन्धि अनुमोदनको पक्षमा त्यो एउटा महत्वपूर्ण उपलब्धी हुनेछ ।

हामी महासन्धि अनुमोदनका लागि नेपाल सरकारकातर्फबाट कुनै न कुनै प्रकारको प्रतिबद्धता सार्वजनिक भएको देख्न चाहन्छौँ र महासन्धि अनुमोदन गर्नुमा उसलाई कुनै कठिनाई छ भने त्यो के हो, सो कुरा पनि थाहा पाउन चाहन्छौँ ।

## नेपाल सरकार के गर्दैछ ?

- नेपालले जबर्जस्ती बेपत्ताबाट सबै व्यक्तिहरूलाई सुरक्षा गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (International Convention for the Protection of All Persons from Enforced Disappearance) मा हस्ताक्षर गरेको छैन । यसमा हस्ताक्षर वा अनुमोदनको प्रक्रिया नेपाल सरकारले थालनी गरिसकेको पनि छैन ।
- यो महासन्धि पारित गर्नका लागि संयुक्त राष्ट्रसंघमा प्रस्ताव प्रायोजन गर्ने राष्ट्रहरूमध्येमा पनि नेपाल पर्दैन ।
- २०६४ जेठ १८ गते नेपालको सर्वोच्च अदालतले सरकारलाई बलजफ्ती बेपत्ताका सबै उजुरीहरूको छानबीन गर्न, बलजफ्ती बेपत्ता बनाउने कार्यलाई फौजदारी अपराध कायम गरी कानुन बनाउन र बेपत्ताका घटनाहरूको छानबीन गर्न एक जाँचबुझ आयोग गठन गर्न आदेश दिएको थियो । सो आदेशमा यो पनि भनिएको थियो कि, त्यसरी कानुन बनाउँदा जबर्जस्ती बेपत्तासम्बन्धी अन्तर्राष्ट्रिय कानुनहरूमा उल्लेख गरिएका प्रावधानहरूलाई समेत ध्यान दिन आग्रह गरिएको थियो ।
- नेपाल सरकारले तयार गरेको बेपत्तासम्बन्धी कानुन (अपराध र सजाय) २०६५ को मस्यौदाले अन्तर्राष्ट्रिय महासन्धिका कयौँ प्रावधानसँग तालमेल राखेको छैन ।

■

विभिन्न आठवटा मानवअधिकारवादी संस्थाले नेपालमा प्रस्तावित व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) सम्बन्धी विधेयक-२००६ मा संशोधन गरी अन्तर्राष्ट्रिय कानुन र मान्यताअनुरूप बनाउन नेपाल सरकारसमक्ष आग्रह गरेका छन् ।

ती संस्थाहरूले गत ३० अगस्टका दिन २६औं अन्तर्राष्ट्रिय बेपत्तासम्बन्धी दिवसको सन्दर्भ पारेर शान्ति मन्त्री रकम चेमजोङलाई बुझाएको ज्ञापनपत्रमा सो कुरा उल्लेख छ । संयुक्त ज्ञापनपत्रमा प्रस्तावित मस्यौदामा थप संशोधनको आवश्यकतामा जोड दिँदै भनिएको छ- 'जबर्जस्ती बेपत्ता'लाई अन्तर्राष्ट्रिय रूपमा मान्य परिभाषाअनुरूप परिभाषित गर्ने र केही परिस्थितिमा उक्त अपराध मानवताविरुद्धको अपराधको कोटिमा पर्ने व्यवस्था गरिनु पर्दछ ।'

त्यस्तै संयुक्त ज्ञापनपत्रमाअन्तर्राष्ट्रिय कानुनी मान्यताअनुरूप उच्चपदस्थ अधिकारी र मातहतका कर्मचारीहरूको फौजदारी दायित्व सुनिश्चित गर्नेसम्बन्धी व्यवस्था गर्ने, कस्ता अवस्थामा जबर्जस्ती बेपत्तासम्बन्धी कसुर जबर्जस्ती बेपत्ताको कसुर मात्र ठहर्ने र कस्ता-

# मस्यौदा विधेयक संशोधन गर्न माग



शान्तिमन्त्री रकम चेम्जोङसमक्ष ज्ञापनपत्र बुझाएपछि मानवअधिकारवादी संस्थाका प्रतिनिधिहरु ।

कस्ता अवस्थामा उक्त कसुर मानवताविरूद्धको अपराध ठहर्ने भन्ने प्रस्ट व्यवस्था गरी सोहीमुताबिक अधिकतम तथा न्यूनतम सजायको व्यवस्थासमेत गर्ने व्यवस्था गर्न आग्रह गरिएको छ ।

संयुक्त ज्ञापनपत्रमा अगाडि भनिएको छ- 'जबर्जस्ती बेपत्ताका घटनाउपर छानबिन गर्न गठित आयोगको स्वतन्त्रता, निष्पक्षता र सक्षमता सुनिश्चित गरियोस् र जबर्जस्ती बेपत्ताका घटनाउपर छानबिन गर्न गठितआयोगलाई प्रभावकारी कार्य सम्पादनका लागि आवश्यक अधिकार र साधनश्रोत उपलब्ध गराइयोस् ।'

'जबर्जस्ती बेपत्ताका घटनाउपर छानबिन गर्न गठित आयोगका सबै कार्यले पीडित, साक्षी, र आरोपित पीडकको अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नेछ भन्ने सुनिश्चित हुनुपर्दछ', संयुक्त ज्ञापनपत्रमा भनिएको छ- 'जबर्जस्ती बेपत्ताका घटनाउपर छानबिन गर्न गठित आयोगका सिफारिसहरू सार्वजनिक गरिनेछन् र कार्यान्वयन हुनेछन् भन्ने सुनिश्चितासमेत हुनुपर्दछ ।'

संयुक्त ज्ञापनपत्रमा मस्यौदा विधेयकमा दफा २ मा रहेको "व्यक्ति बेपत्ता" पार्ने कार्यको परिभाषा सन् २००६ को जबर्जस्ती बेपत्ताबाट व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा दिइएको जबर्जस्ती बेपत्ताको परिभाषासँग मेल नखाएको उल्लेख गर्दै भनिएको छ- यस विधेयकले जबर्जस्ती बेपत्ता पार्ने कार्य केही विशेष परिस्थितिमा मानवताविरुद्धको अपराधको कोटिमा पर्छ भन्ने कुरालाई पनि स्वीकार गरेको देखिँदैन ।

संयुक्त ज्ञापनपत्रमा मस्यौदामा उल्लेखित विभिन्न सत्रवटा दफामा संशोधनको प्रस्ताव गरिएको छ । यसरी संयुक्त ज्ञापनपत्र प्रस्तुत गर्ने मानवअधिकारवादी संस्थामा एम्नेस्टी इन्टरनेसनल, एडभोकेसी फोरम, संक्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र (आईसिटिजे), इन्टरनेसनल कमिसन अफ जुरिस्ट (आइसीजे), अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), अस्वैच्छिक बेपत्ताविरुद्धको एसियाली महासंघ (आफ्द), ह्युमन राईटस वाच, र जवाफदेहिता निगरानी समिति रहेका छन् ।

प्रतिनिधिमण्डलमा गोविन्द बन्दी र दीपेन्द्र झा (जवाफदेहिता निगरानी समिति), हेमकुमार खड्का र रामेश्वर नेपाल (एम्नेस्टी इन्टरनेसनल नेपाल), कमल पाठक (एड्भोकेसी फोरम), भिन्सेन्ट क्याल्डरहेड (इन्टरनेसनल कमिसन अफ जुरिस्ट) र सुबोधराज प्याकुरेल (अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सामेल हुनुहुन्थ्यो । ज्ञापनपत्र बुझ्दै मन्त्री चेम्जोङले संसद्को आउँदो अधिवेशनमा सरकारले यससम्बन्धी विधेयक ल्याउने बताउनुभएको थियो । ■

# बेपत्ता बनाइएकाहरूको पक्षमा महिला सक्रियता

अन्तर्राष्ट्रिय श्रमिक दिवस १ मईको अवसरमा २०६६ वैशाख १८ गते एम्नेस्टी इन्टरनेसनल नेपाल महिला समूह-६८ नेपालगन्जले बेपत्तासम्बन्धी महासन्धि अनुमोदनको माग गर्दै हस्ताक्षर संकलन कार्यक्रम गर्‍यो ।

समूहकी उपाध्यक्ष श्रीमती कमला भट्ट शर्माको अध्यक्षता तथा केन्द्रीय सदस्य सुश्री यशोदा उपाध्याय तथा वागेश्वरी समूह-६२ बाँके नेपालगन्जका संयोजक राणा बलराम जंगको उपस्थितिमा 'बेपत्ता पारिएका नागरिकको सुरक्षा गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गर्न माग गर्दै हस्ताक्षर संकलन र मैनबत्ती प्रज्ज्वलन कार्यक्रम गरिएको थियो ।

सो अवसरमा पश्चिम तारा परिवारका सदस्य र अन्य विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता थियो ।

यसै गरी महिला समूह-६८ का सबै सदस्य र वागेश्वरी




समूहका सदस्यहरूको पनि उपस्थिति थियो । कार्यक्रमलाई हस्ताक्षर अभियानका रूपमा आरम्भ गरिएको थियो । सो अवसरमा केन्द्रीय सदस्य उपाध्याय, वागीश्वरी समूहका संयोजक राणा र समूह–६८ की सहसंयोजकले आ-आफ्नो भनाइ राख्नुभएको थियो । ■

# शान्तिमन्त्रीलाई बुझाइएको ज्ञापनपत्र

Accountability Watch Committee (AWC)

**व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) विधेयकसम्बन्धमा**

## संयुक्त ज्ञापनपत्र

**३० अगस्ट २००९**

हामी मानवअधिकारको क्षेत्रमा कार्यरत जवाफदेही निगरानी समिति, अस्वैच्छिक बेपत्ताविरुद्धको एसियाली महासंघ अनौपचारिक क्षेत्र सेवा केन्द्र, वकालत मञ्च एम्नेस्टी इन्टरनेसनल, इन्टरनेसनल कमिसन अफ जुरिस्ट, इन्टरनेसनल सेन्टर फर ट्रान्जिसनल जस्टीस र ह्युमन राईट वाच, भर्खरै शान्ति मन्त्रालयद्वारा छलफलमा ल्याइएको बेपत्ता पार्ने (कसुर र सजाय) सम्बन्धी बिधेयकको (यसपछि विधेयक भनिने) पछिल्लो मस्यौदाउपर टिप्पणी गर्न पाएको यस अवसरलाई स्वागतयोग्य मान्दै नेपाल सरकारसँग थप रचनात्मक संवाद गर्न पाउने अवसरको व्यग्रताका साथ प्रतीक्षामा छौँ ।

मन्त्रालयको यस कदमलाई हामीले बृहद् शान्ति सम्झौता र २०६४ जेठ १८ गते को सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्नेतर्फको एक महत्वपूर्ण कदमको रूपमा लिएका छौं । बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने र त्यस्ता घटनाहरूको छानबिन गर्न आयोग स्थापना गर्दा सत्य, न्याय र परिपूरण प्राप्त गर्ने पीडितका अधिकार पूर्ण रूपले संरक्षित हुनेछन् भन्ने कुरामा हामी विश्वस्त रहेका छौं । र, विशेष रूपमा हामी यसअघि दिइएका सुझावहरूसमेत समावेश गरी नयाँ मस्यौदा अगाडि ल्याउने सरकारको यो कदमको स्वागत गर्न चाहान्छौं ।

विधेयकमा भएका उल्लेख्य सुधारका अतिरिक्त प्रस्तुत विधेयकमा अन्तर्राष्ट्रिय कानून र मान्यतालाई आत्मसात गर्न मस्यौदाको वर्तमान स्वरूपमा निम्न लिखित थप संशोधन आवश्यक देखिन्छ :

- 'बलपूर्वक बेपत्ता पार्ने कार्य'लाई अन्तर्राष्ट्रिय रूपमा मान्य परिभाषाअनुरूप परिभाषित गर्ने र केही परिस्थितिमा उक्त अपराध मानवताविरुद्धको अपराधको कोटिमा पर्ने व्यवस्था गर्ने,
- अन्तर्राष्ट्रिय कानुनी मान्यताअनुरूप व्यक्तिगत फौजदारी दायित्वको निर्धारण गर्ने जसअन्तर्गत उच्चपदस्थ अधिकारी र मातहतका कर्मचारीहरूको फौजदारी दायित्व समेत सुनिश्चित हुन सकोस्,

- कस्ता अवस्थामा बलपूर्वक बेपत्तासम्बन्धी कसुर बलपूर्वक बेपत्ताको कसुर मात्र ठहर्ने र कस्ता–कस्ता अवस्थामा उक्त कसुर मानवताविरुद्धको अपराध ठहर्ने भन्ने सम्वन्धमा प्रस्ट व्यवस्था गरी सोहीमुताबिक अधिकतम तथा न्यूनतम सजायको व्यवस्था समेत गर्ने,
- बलपूर्वक बेपत्ताका घटनाउपर छानबिन गर्न गठित आयोगको स्वतन्त्रता, निष्पक्षता र सक्षमता सुनिश्चित गर्ने,
- बलपूर्वक बेपत्ताका घटनाउपर छानबिन गर्न गठित आयोगलाई प्रभावकारी कार्य सम्पादनका लागि आवश्यक अधिकार र साधनस्रोत उपलब्ध गराउने,
- बलपूर्वक बेपत्ताका घटनाउपर छानबिन गर्न गठित आयोगले गर्ने सबै खाले कामकारबाहीको क्रममा पीडित, साक्षी, र आरोपित पीडकको अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नेछ भन्ने कुराको सुनिश्चिता प्रदान गर्ने,
- बलपूर्वक बेपत्ताका घटनाउपर छानबिन गर्न गठित आयोगका सिफारिसहरू सार्वजनिक गरिने र कार्यान्वयन हुने कुराको सुनिश्चितता प्रदान गर्ने ।

यहाँ प्रस्तुत गरिएका सिफारिसहरू मूलतः बलपूर्वक बेपत्ताका घटनाउपर अनुसन्धान र अभियोजनसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानुन तथा मापडण्डहरू जस्तै- क्षेत्रीय र अन्तर्राष्ट्रिय मानवअधिकार निकाय, अन्तर्राष्ट्रिय घोषणा-पत्र र सन्धिहरू तथा अन्तर्राष्ट्रिय र राष्ट्रिय फौजदारी न्यायप्रणालीद्वारा स्थापित विधिशास्त्र र अभ्यासहरूमा आधारित छन् :

**दफा २ (परिभाषा)**

यस विधेयकको दफा २ (क) मा उल्लिखित "व्यक्ति बेपत्ता" पार्ने कार्यको परिभाषा सन् २००६ को बलपूर्वक बेपत्ताबाट व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा दिइएको बलपूर्वक बेपत्ताको परिभाषासँग मेल खाँदैन । साथै, यस विधेयकले बलपूर्वक बेपत्ता पार्ने कार्य केही विशेष परिस्थितिमा मानवताविरुद्धको अपराधको कोटीमा पर्छ भन्ने कुरालाई पनि स्वीकार गरेको देखिँदैन । यसर्थ दफा २ (क) लाई निम्न बमोजिम संशोधन गर्न सुझाउ गरिन्छ :

(क) "बलपूर्वक बेपत्ता" भन्नाले राज्यका निकायद्वारा वा राज्यबाट अधिकार, समर्थन, वा सहमतिप्राप्त व्यक्ति वा समूहद्वारा भएका पक्राउ गर्ने, थुनामा राख्ने, अपहरण गर्ने वा अन्य कुनै स्वरूपले स्वतन्त्रताबाट वञ्चित गर्ने र त्यस्तो स्वतन्त्रताबाट वञ्चित गर्ने कार्य आफूबाट भएको भनी स्वीकार नगर्ने वा बेपत्ता व्यक्तिको स्थितिलाई नै लुकाएर व्यक्तिलाई कानुनको संरक्षणबाहिर पार्ने कार्यलाई जनाउँछ ।

(क) "बलपूर्वक बेपत्ता मानवताविरुद्धको अपराध" भन्नाले कुनै गैरसैनिक व्यक्तिप्रति लक्षित व्यापक वा सुनियोजित आक्रमणको एक अङ्गको रूपमा सुझबुझका साथ ती व्यक्तिहरूलाई लामो समयसम्म कानुनको संरक्षणबाहिर पार्ने उद्देश्यका साथ राज्य वा कुनै राजनीतिक पार्टीबाट अधिकार, समर्थन वा सहमति प्राप्त गरी व्यक्तिलाई पक्राउ गर्ने, थुनामा राख्ने, अपहरण गर्ने कार्य र त्यसपछि यस्तो स्वतन्त्रताबाट वञ्चित गर्ने कार्य आफूबाट भएको भनी स्वीकार नगर्ने वा ती व्यक्तिको स्थितिका बारेमा सूचना दिन इन्कार गर्ने कार्यलाई जनाउँछ ।

"गैरसैनिक व्यक्तिप्रति लक्षित व्यापक वा सुनियोजित आक्रमण" भन्नाले यस्ता आक्रमण गर्ने राज्यको वा संगठनको नीतिअनुरूप वा त्यस्तो नीतिलाई थप प्रोत्साहन गर्नका लागि माथि उल्लेख गरिएअनुरूपका कुनै पनि गैरसैनिक व्यक्तिविरुद्ध गरिने विविध कार्यहरू सम्मिलित व्यवहारको सिलसिलालाई जनाउँछ ।

विधेयकको दफा २(ख) ले बेपत्ता व्यक्तिका परिवारलाई समेत समावेश गरी पीडितको परिभाषा गरेको छ । अघिल्लो विधेयकमा सम्मिलित परिभाषामा गरिएको यो स्वागतयोग्य सुधार हो । तथापि मस्यौदामा भएको सूचीमा थपघट गर्ननै नसकिने भन्ने होइन । "पीडित" शब्दले पीडितका आफन्तलाई मात्र होइन बरु

अपराधको प्रत्यक्ष परिणामस्वरूप हानि पुगेका जोकोहीलाई सम्मिलित गर्नुपर्छ भनी अन्तर्राष्ट्रिय कानुनहरूले स्वीकार गरेका छन् । यसर्थ दफा २(ख) लाई निम्नबमोजिम संशोधन गर्न सुझाउ गरिन्छ :

(ख) "पीडित" भन्नाले बेपत्ता पारिएका व्यक्ति र बलपूर्वक बेपत्ताको प्रत्यक्ष परिणामस्वरूप हानी पुगेका जोकोहीलाई जनाउँछ ।

**दफा ४ (बेपत्ता पार्ने व्यक्ति मुख्य कसुरदार मानिने)**

व्यक्तिगत फौजदारी दायित्वका विविध रूपका सन्दर्भमा प्रचलित अन्तर्राष्ट्रिय कानुनी मापदण्ड र सर्वोत्तम अभ्यास प्रतिविम्बित गराउन दफा ४(१) र (२) मा निम्नबमोजिमको सुधार गर्न सुझाउ गरिन्छ :

(१) देहायका कार्य गर्ने जुनसुकै व्यक्तिले बलपूर्वक बेपत्ताको कसुरमा फौजदारी दायित्व वहन गर्नुपर्नेछ र सजायको भागीदार हुनुपर्नेछ :

(क) व्यक्ति बेपत्ता पार्ने कसुरमा संलग्न अन्य व्यक्तिले फौजदारी दायित्व वहन गर्नु परे वा नपरे पनि व्यक्तिगत रूपमा, अन्य व्यक्तिसँग मिली संयुक्त रूपमा वा अन्य व्यक्तिको माध्यमबाट बेपत्ताको कसुर गरेमा,

(ख) बेपत्ता पार्न आदेश दिने, सहयोग माग्ने, वा उक्साउने कार्य गरेको भई यस्तो घटना घटेमा वा उद्योग भएमा,

(ग) बेपत्ता पार्ने कसुर वा सो को उद्योगमा सघाउने, उक्साउने, वा अन्य प्रकारले सहयोग गर्ने कार्य गरेमा,

(घ) साझा लक्ष्य प्राप्तिका लागि कार्यरत व्यक्तिहरूको कुनै समूहले गरेको बेपत्ता पार्ने कार्यमा वा उद्योगमा अन्य कुनै प्रकारले सघाउ पुऱ्याएमा । यस्तो सघाउ जानाजान गरिएको भए र निम्नबमोजिम गरिएको भए :

(१) कुनै समूहको उद्देश्य बलपूर्वक बेपत्ता पार्नुरहेको अवस्थामा आपराधिक क्रियाकलाप र उद्देश्यलाई प्रोत्साहन गर्ने लक्ष्यले गरिएको भएमा,

(२) यस्ता समूहको मनसाय बेपत्ता पार्नुरहेको जानकारी हुँदाहुँदै सघाउ पुऱ्याएमा,

(ङ) बेपत्ता पार्ने उद्योग गरेको तर काबु बाहिरको परिस्थितिका कारण कसुर पूरा हुन नपाएको,

उच्च अधिकारीको जवाफदेहिताको सन्दर्भमा प्रचलित अन्तर्राष्ट्रिय कानुनी मापदण्ड र सर्वोत्तम अभ्यास प्रतिविम्बित गराउन दफा ४(३) मा निम्नबमोजिमको संशोधन गर्न सुझाउ गरिन्छ :

(३) देहायका अवस्थामा आफ्नो मातहत वा नियन्त्रणका कर्मचारीबाट भएका बेपत्ता पार्ने कार्यको फौजदारी दायित्व कमान्डर र माथिल्लो ओहदाका व्यक्तिले वहन गर्नुपर्नेछ :

(क) आफू मातहतका एक वा एकभन्दा बढी कर्मचारीहरूले बेपत्ता पार्ने कार्य गरिरहेको वा गर्न लागेको थाहा पाएको वा थाहा पाउनुपर्ने अवस्थामा, र,

(ख) आफ्नो क्षेत्राधिकारभित्र बेपत्ता पार्ने कार्यलाई रोक्न वा नियन्त्रण गर्न असफल रहेको वा सोको जानकारी, अनुसन्धान र अभियोजनका लागि सक्षम अधिकारीसमक्ष पेश गर्न कानुनबमोजिम आफूले चाल्नुपर्ने सम्पूर्ण आवश्यक र उपयुक्त कदम नचालेको अवस्थामा ।

अन्त्यमा, विद्यमान व्यवस्थालाई माथिल्लो ओहदाका कर्मचारीको आदेश पालनाको जिकिर लिँदै तल्ला तहका कर्मचारीले आफ्नो बचाउका निम्ति प्रयोग गर्न सक्ने अवस्था पनि रहन्छ । तसर्थ तल्ला तहका कर्मचारीको दायित्वको सन्दर्भमा प्रचलित अन्तर्राष्ट्रिय कानुनी मापदण्ड र सर्वोत्तम अभ्यास प्रतिविम्बित गराउन निम्नबमोजिमको उपदफा (४) थप गर्न सुझाउ गरिन्छ :

(४) सरकार वा माथिल्लो ओहदाका कर्मचारीको आदेश पालना गरेको भन्ने कुरा फौजदारी दायित्वबाट बचाउको आधार हुन सक्नेछैन ।

**दफा ६ (सजाय)**

निम्न कुराहरू समावेश गर्ने गरी दफा ६ लाई सुधार गर्न सुझाउ गरिन्छ :

बलपूर्वक बेपत्ताको कसुरमा न्यूनतम र अधिकतम सजाय र मानवताविरुद्धको अपराध ठहर हुने बलपूर्वक वेपत्ताको कसुरलाई अलग-अलग रूपमा न्यूनतम र अधिकतम सजायको व्यवस्था गर्ने । दुवै प्रसङ्गमा न्यूनतम र अधिकतम सजाय कसुरको गम्भीरतासँग मेल खाने, उत्तिकै गम्भीर कसुरका हकमा लागू हुने सजायसँग सादृश्य रहनुपर्ने तर मृत्युदण्ड वा अन्य क्रूर, अमानवीय, र अपमानजनक सजाय नगरिने ।

आयोग वा अभियोजनकर्तालाई सहयोग पुऱ्याएबापत सजाय कटौती गर्ने व्यवस्था गर्दा पीडकहरूले सजायबाट बच्न आफ्नो फाइदाको निम्ति त्यस्तो व्यवस्था प्रयोग गर्न नसकून् भन्ने व्यवस्था एकदमै सावधानी अपनाएर मात्र गर्नु पर्दछ । यसर्थ दफा ६(४) राखिएको सजाय कटौतीसम्बन्धी व्यवस्थालाई निम्नबमोजिम संशोधन गर्न सुझाउ प्रस्तुत गरिन्छ :

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा अदालतले सजायमा कमी गर्न सक्नेछ :

(क) निजले आयोग, अनुसन्धान अधिकृत, अभियोजक वा अदालतलाई सहयोग गरेमा, र

(ख) यस्तो सहयोग वा सहयोगले बेपत्ता पीडितको स्थिति र/वा बेपत्ता पार्दाको परिस्थितिका बारेमा महत्वपूर्ण सूचना प्रदान गरेको अवस्था भएमा

**दफा १० (आयोगको गठन)**

विद्यमान विद्ययेकको दफा १० (१) मा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिका बारेमा छानविन गरी प्रतिवेदन पेश गर्न नेपाल सरकारले एक उच्चस्तरीय आयोग "गठन गर्न सक्ने" भन्ने आशय प्रकट गरेको देखिन्छ । उक्त व्यवस्थाको बदलामा नेपाल सरकारले सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्ति र त्यस्तो कार्यमा संलग्न व्यक्तिहरूको बारेमा छानविन गरी प्रतिवेदन पेश गर्न एक उच्चस्तरीय आयोग "गठन गर्नेछ" भनी संशोधन गर्न सिफारिस गरिन्छ ।

आयोगका सदस्यहरूको छनौट प्रक्रिया पारदर्शी रहोस् र उत्तम व्यक्तिहरूको छनौट होस् भन्ने कुरा सुनिश्चित गर्नका लागि दफा १० (४) मा निम्म बमोजिम संशोधन होस् भन्ने सुझाउ गरिन्छ :

(४) सिफारिस समितिमा कम्तीमा पनि एक महिला सदस्य हुनुपर्नेछ ।

(५) सिफारिस समितिले उम्मेदवार सिफारिससम्बन्धी निम्न प्रक्रियाको आयोजना सार्वजनिक रूपमा गर्नेछ :

(क) मनोनयन लिएको दुई हप्ता भित्र सिफारिस समितिले राष्ट्रिय र अन्तर्राष्ट्रिय नागरिक समाजका संघसंस्थाहरू, पीडित, मानवअधिकार रक्षक, अल्पमत र जोखिममा रहेका समूहका व्यक्तिहरू लगाायतका सम्बद्ध सबै पक्षलाई आयोगका सदस्यहरूको नाम सिफारिस सम्बन्धमा सुझाव पेश गर्न आमन्त्रण गर्दै सार्वजनिक रूपमा आह्वान गर्नेछ ।

(ख) प्राप्त सुझावहरूको आधारमा सिफारिस समितिले महिला र पुरुषको समान प्रतिनिधित्व हुने गरी दक्ष उम्मेदवारको एक सूची तयार गरी सार्वजनिक गर्नेछ ।

(ग) सूची सार्वजनिक भएपछि आएका सल्लाहसुझावलाई ध्यानमा राख्दै सिफारिस समितिले सदस्यहरूको नियुक्तिका लागि सिफारिस गर्नेछ ।

(६) मानवअधिकार र अन्य सम्बन्धित क्षेत्रमा दक्षता भएको, स्वतन्त्र विचारको पक्षधर भनी चिनिएको र निष्पक्ष भनी ख्याति प्राप्त रहेको आधारमा आयोगका सदस्यहरूलाई सिफारिस र छनौट गरिनेछ। मानवअधिकारवादी, मनोविज्ञानवेत्ता, कानूनविद्, विधिविज्ञानवेत्ता, द्वन्द्वविद्, समाजशास्त्री वा शान्ति प्रक्रियामा संलग्न व्यक्तिहरूमध्ये सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेका व्यक्तिहरूमध्येबाट सदस्यहरूको छनौट गरिनेछ। आयोगको संरचनाले महिला र पुरुषको न्यायोचित सन्तुलन र नेपाली समाजको बहुलतालाई प्रतिविम्बित गर्नेछ।

(७) नियुक्ति प्रक्रियाको लगत्तै आयोगका सदस्यहरूले आफूमध्ये एकलाई आयोगको अध्यक्ष चयन गर्नेछन्।

**दफा (१३) (आयोगका कर्मचारी र विशेषज्ञ)**

आयोगलाई दक्षता, निष्पक्षता र स्वतन्त्रताका आधारमा चुनिएका पर्याप्त विशेषज्ञ, प्राविधिक र प्रशासनिक कर्मचारीहरूको सहयोग चाहिन्छ। यसर्थ दफा १३ निम्नबमोजिम संशोधन होस् भन्ने सुझाउ गरिन्छ :

(६) सरकारबाट खटाइएका आयोगका कर्मचारीले आयोगप्रति उत्तरदायी रही आयोगको आदेशबमोजिम कार्य सम्पादन गर्नेछन्।

(७) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि आवश्यक ठानेको खण्डमा कर्मचारी नियुक्ति गर्न, विशेषज्ञ नियुक्ति गर्न वा विशिष्टीकृत विशेषज्ञ सेवा लिन, प्राविधिक सहयोग माग गर्न वा लिन सक्ने अधिकार आयोगमा निहित रहनेछ।

**दफा १४ (आयोगको स्रोत, साधन र खर्च)**

आयोग सञ्चालका निम्ति पर्याप्त राष्ट्रिय स्रोत प्रदान गरिनुपर्छ र आवश्यक परेको खण्डमा दातृनिकायहरूबाट विकास अनुदान जुटाईनुपर्दछ। यसो गर्दा अन्तर्राष्ट्रिय मान्यताअनुरूपको आर्थिक प्रतिवेदन र वित्तिय जवाफदेहिताको मापदण्डभित्र रहेर गरिने कुराको सुनिश्चितता गरिनु पर्दछ। यसर्थ दफा १४ निम्नबमोजिम संशोधन होस् भन्ने सुझाउ गरिन्छ :

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको स्वीकृतिबिना नै आयोगले आफूलाई आवश्यक अनुदानसहयोग जुटाउन सक्नेछ र आफ्नो बजेटसम्बन्धी व्यवस्था आफैले गर्न सक्नेछ।

**दफा १५ (आयोगको काम, कर्तव्य र अधिकार)**

सम्भव भएसम्म बेपत्ता पारिएका व्यक्तिहरूको हालको अवस्था र परिणतिलगायत जबर्जस्ती बेपत्तासँग सम्बन्धित तथ्यहरूलाई प्रस्टाउनु पर्ने, प्राप्त सूचनाहरूका आधारमा थप अनुसन्धान गर्ने र फौजदारी तथा देवानी मुद्दाहरू चलाउने प्रक्रियातर्फ कदम चाल्नुपर्ने र सबै पीडित र तिनका परिवारजनलाई पूर्ण परिपूरण प्रदान गर्नका निम्ति प्रभावकारी सिफारिस गर्ने दायित्व आयोगमा रहनुपर्दछ। यसर्थ दफा १५ संशोधन गरी निम्नलिखित उपदफाहरू थप गरियोस् भन्ने सुझाव गरिन्छ :

(४) बलपूर्वक बेपत्ताका घटनाका प्रकृति, कारणहरू र यी घटनाहरू घटाउन प्रेरित गर्ने कारक तत्वहरूको जाँचपडताल गर्न।

(५) संस्थागत उत्तरदायित्व र कार्यप्रणालीबारे छानबिन गर्न।

(६) बलपूर्वक बेपत्ताका घटनाको पुनरुक्ति नहोस भन्ने कुराको प्रत्याभूति गर्न विधायिकि, संस्थागत र अन्य सुधारका लागि सिफारिस गर्न

(७) राज्यको अख्तियारी, सहयोग र सहमति बेगर व्यक्तिहरू वा कुनै समूहले दफा २ मा परिभाषित गरिएका कसुरउपर अनुसन्धान गर्न र यस्ता कार्यका जिम्मेवार व्यक्तिलाई न्यायको कठघरामा उभ्याउन

(८) अभियोजनका लागि महान्यायाधिवक्ताको कार्यालयलाई सिफारिस गर्न

**दफा १७ (आयोगको जाचबुझसम्बन्धी अधिकार)**

सार्वजनिक पदमा बहाल रहेका पीडकहरूबाट हुनसक्ने धम्की र प्रतिशोधात्मक कारवाहीबाट पीडित र साक्षीको संरक्षण गरिनु पर्छ । यसर्थ दफा १७ निम्नबमोजिम संशोधन होस् भन्ने सुझाउ गरिन्छ :

(४–क) यस ऐनअर्न्तगत हुने अनुसन्धानको क्रममा अनुसन्धानको दायरामा परेको सार्वजनिक पदधारी व्यक्तिलाई पदमा बहाल रहन दिएमा निजले निम्नानुसारको कार्य गर्छ भन्ने आयोगलाई लागेमा आयोगले सो पदाधिकारीलाई निज बहाल रहेको पदबाट निलम्बित गर्न सम्बन्धित निकायलाई लेखी पठाउन सक्नेछ । यस्तो लिखित अनुरोध प्राप्त भएपछि सम्बन्धित निकायले निजलाई आयोगले अनुरोध गरेको समयावधि सम्मकालागि निलम्बन गर्नुपर्नेछ ।

(क) सबुदप्रमाण नष्ट वा हेरफेर गर्छ,
(ख) साक्षी र पीडिलाई डरधम्की दिन्छ ,
(ग) अन्य कुनै प्रकारले अनुसन्धानमा हस्तक्षेप गर्छ

भन्ने आयोगलाई लागेमा आयोगले सो पदाधिकारीलाई निज बहाल रहेको पदबाट निलम्बित गर्न सम्बन्धित निकायलाई लेखि पठाउन सक्नेछ। यस्तो लिखित अनुरोध प्राप्त भएपछि सम्बन्धित निकायले निजलाई आयोगले अनुरोध गरेको समयावधि सम्मकालागि निलम्बन गर्नु पर्नेछ ।

(४–ख) निलम्बनमा परेको पदाधिकारीले आफ्नो निलम्बनविरुद्ध प्रचलित कानुनबमोजिम कारवाही चलाउन सक्नेछ ।

**दफा १९ (साक्षी तथा अन्य व्यक्तिको संरक्षण)**

आयोगमा बयान वा वकपत्र गर्ने वा आयोगलाई अन्य कुनै जानकारी दिने व्यक्तिको बचावसम्बन्धी स्पष्ट पार्न दफा १९ (३) र (७) मा निम्नबमोजिम संशोधन होस् भन्ने सुझाउ गरिन्छ :

(३) कुनै पनि व्यक्तिले आयोगमा बयान वा वकपत्र गरेको वा कुनै जानकारी दिएको कारणले मात्र निजका विरुद्ध कुनै मुद्दा चलाइने वा कानुनी कारवाही अघि बढाइनेछैन । यो प्रावधानले दफा २३ (कारवाहीका लागि लेखी पठाउने) वा दफा २५ (मुद्दा दायर गर्नेसम्बन्धी व्यवस्था) वा आयोगलाई झूटो बयान वा गलत जानकारी दिएको भरमा अभियोजन गर्ने कार्यसम्बन्धी व्यवस्थामा प्रतिकूल असर पार्नेछैन ।

(५) आयोगमा कुनै सूचना, जानकारी वा प्रमाण दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा आयोगले त्यस्तो व्यक्तिको नाम गोप्य राख्नु पर्नेछ । यो प्रावधानले दफा २३ (कारवाहीको लागि लेखी पठाउने) वा दफा २५ (मुद्दा दायर गर्नेसम्बन्धी व्यवस्था) वा आयोगलाई झूटो बयान वा गलत जानकारी दिएको भरमा अभियोजन गर्ने कार्यसम्बन्धी व्यवस्थामा प्रतिकूल असर पार्नेछैन ।

यसका अलावा दफा १९ मा निम्न लिखित थप प्रावधान राखिनुपर्ने सुझाउ गरिन्छ :

(६) यस ऐनमा जेसुकै व्यवस्था भएको भए तापनि आयोगको कामकारवाहीका दौरान पीडित, साक्षी र आरोपित पीडकका अधिकारहरूको संरक्षण र सम्मान गरिनेछ ।

**दफा २२ (परिपूरणका लागि सिफारिस गर्ने)**

बलपूर्वक बेपत्ताका पीडित र तिनका परिवारजनलाई अन्तराष्ट्रिय कानुनअन्तर्गत पूर्ण परिपूरण प्रदान गर्नुपर्ने नेपाल सरकारको दायित्व रहेको छ । कसुर भएको परिस्थितिलाई ध्यानमा राख्दै उचित तथा प्रत्येक घटनाको परिस्थिति र मानवअधिकार उल्लंघनको गाम्भीर्यको अनुपातसंग मेल खाने खालको पूर्ण र प्रभावकारी

परिपूरण पीडितलाई प्रदान गरिनुपर्छ भन्ने अन्तर्राष्ट्रिय कानूनी मान्यता रहेको छ । यस्तो परिपूरणमा प्रतिस्थापन (Restitution), क्षतिपूर्ति (Compensation), सन्तुष्टि (Satisfaction), पुनःस्थापना (Rehabilitation) र घटनाको पुनरुक्ति नहुने प्रतिबद्धता (Guarantee of non-repetition) समावेश गरिएको हुन्छ । यसर्थ दफा २२ (२) मा निम्न लिखित थप व्यवस्था गरी संशोधन होस भन्ने सुझाउ गरिन्छ :

पीडितहरूले प्राप्त गर्ने हक राख्ने अन्य उपयुक्त प्रकारका परिपूरणका बारेमा जानकारी हासिल गर्न आयोगले पीडित र पीडितका परिवाजनहरूसँग परामर्श बैठकहरू आयोजना गर्नेछ र सो अनुरूप नेपाल सरकारलाई सिफारिस गर्नेछ । यस्ता परामर्श बैठकका क्रममा महिला, बालबालिका, अल्पसंख्यक र जोखिममा रहेका समूहहरूको आवश्यकतामाथि विशेष ध्यान दिइनेछ ।

**दफा २४ (प्रतिवदेन पेश गर्ने)**

आयोगले गरेको कार्यको प्रत्यक्ष रूपमा देखिने नतिजा भनेको यसको अन्तिम प्रतिवेदन नै हो । यसर्थ दफा २४ मा निम्न लिखित थप व्यवस्था गरी संशोधन होस भन्ने सुझाउ गरिन्छ :

आयोगको प्रतिवेदन र यसका सिफारिसहरू औपचारिक रूपमा सार्वजनिक गर्ने, प्रकाशित गर्ने र यसको व्यापक वितरण गर्ने कार्य तत्काल गरिनेछ ।

प्रतिवेदन प्रकाशन गर्दा पीडित र साक्षीको गोप्यताको अधिकार र व्यक्तिगत सुरक्षामा प्रतिकूल असर पार्ने खालका सूचनाहरूलाई त्यस्ता पीडित र साक्षीको अनुरोधमा हटाउन सकिनेछ ।

**दफा २५ (उजुरी दर्ता गर्नेसम्बन्धी व्यवस्था)**

दफा २५ लाई निम्नअनुसार संशोधन गर्न सुझाउ गरिन्छ :

उप दफा (१) बमोजिम यस्ता व्यक्तिविरुद्ध मुद्दा नचलाउने निर्णय गरिएमा सरकारी वकिलले सो मुद्दा नचलाउने निर्णयको कारणसहितको सूचना आयोग वा यसको कार्य हेर्ने गरि खडा गरिएको निकायलाई लिखित रूपमा दिनुपर्नेछ ।

**दफा २६ (हदम्याद)**

बलपूर्वक बेपत्ताको कसुर सम्बन्धमा फौजदारी तथा देवानी कारवाही सुरु गर्ने प्रयोजनका लागि हदम्यादको व्यवस्था गर्न दफा २६ (१) लाई निम्नअनुसार संशोधन गर्न सुझाउ गरिन्छ :

(१) यस ऐनको दफा २ को परिभाषाअन्तर्गत पर्ने जबर्जस्ती बेपत्ताको कसुरको अभियोगमा कारवाही चलाउ, उजुरी गर्न र अदालतमा मुद्दा दायर गर्न हदम्याद लाग्नेछैन ।

बलपूर्वक बेपत्ताको कसुर भएको त्रासपूर्ण परिस्थिति तथा उक्त त्रासपूर्ण परिस्थितिका कारण कानुन कार्यान्वयन निकाय तथा अन्य सरकारी निकायमा उजुरी गर्नमा मानिसहरूले देखाएको उदासीनता समेतलाई मनन गरी बलपूर्वक बेपत्तासम्बन्धी जाँचबुझ आयोगमा उजुरी दायर गर्नका लागि हदम्यादसम्बन्धी व्यवस्था गरिनु पर्दछ । यसर्थ दफा २६ (२) लाई निम्नअनुसार संशोधन गर्न सुझाउ गरिन्छ :

(२) दफा १६ अन्तर्गत पर्ने उजुरी आयोगले आफ्नो कार्य सुरु गरेका मितिले १ वर्षभित्र दायर गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जे सुकै लेखिएको भए तापनि आयोगले छानबिन गर्ने विषय सम्बन्धमा आयोगले निर्णय गरेबमोजिम उजुरी दिने हदम्याद बढाउन सक्नेछ ।

(४) आयोगसमक्ष उजुरी नदिएकै कारणले बलपूर्वक बेपत्तासम्बन्धमा अदालतमा उजुरी गर्न तथा कारवाही अगाडि बढाउन बाधा पुग्नेछैन ।

**दफा २८ (प्रमाणको भार)**

निश्पक्ष सुनुवाईको अधिकारको आधारभूत पक्ष भनेको फौजदारी अभियोग लागेका प्रत्येक व्यक्ति निश्पक्ष

सुनुवाइ भई कानुनबमोजिम शंकारहित ढंगले कसुरदार प्रमाणित नभए सम्म निर्दोष मानिने कुरा हो। अभियुक्तलाई निर्दोष मानिने भनेको कसुर प्रमाणित गर्ने प्रमाणको भार अभियोजन पक्षमा रहने हो। अतः दफा २८ लाई हटाईनु पर्दछ भन्ने सुझाव गरिन्छ ।

**दफा ३७ (आयोगको समयावधि)**

आयोगलाई प्राप्त कार्यादेश पूरा गर्न पर्याप्त समय प्रदान गरिनु पर्दछ। आयोगलाई प्रतिवेदन बुझाउनका लागि छोटो समय प्रदान गरिएमा यसले सम्पादन गरेको कार्य नै जोखिममा पर्न सक्दछ। साथै, आयोगले लामो समयसम्म काम गरिरहेमा यसले जनमानसको ध्यान पाउन नसक्ने तथा राजनीतिक परिवर्तन समेतले असर गर्ने भएकाले सम्भव भएसम्म आयोगलाई मुनासिवमाफिकको समयभित्र तत्काल आफ्नो काम पूरा गरी प्रतिवेदन बुझाउन लगाउनु पर्दछ। यसर्थ, दफा ३७ लाई निम्नअनुसार संशोघन गर्न सुझाउ गरिन्छ :

(१) यो ऐन पारित भएका मितिले ३ महिनाभित्र आयोग स्थापना हुनेछ।
(२) आयोगको कार्यकाल स्थापना भएका मितिले २ वर्षको हुनेछ। यो समयावधिमा आयोगले कार्य सम्पादन गरी अन्तिम प्रतिवेदनसमेत तयार गर्नेछ।
(३) आयोगको कार्यादेशको समय थप १ वर्ष बढाउन सकिनेछ।

**दफा ३८ (आयोगको विघटन)**

ऐनले आयोगका सिफारिसको कार्यान्वयनको अनुगमन गर्न, आयोगले गरिआएका अनुसन्धानलाई निरन्तरता दिन र आयोगको अभिलेखलाई संरक्षण गर्न आयोगको उत्तराधिकारी निकायको व्यवस्था गर्नु पर्दछ। यस्तो कार्य कुनै तदर्थ निकाय वा राष्ट्रिय मानवअधिकार आयोग जस्तो विद्यमान निकायले नै पनि गर्न सक्दछ। अतः दफा ३८ लाई निम्नअनुसार संशोधन गर्न सुझाउ गरिन्छ :

(२) आयोग विघटन भएको ३ महिनाभित्र नेपाल सरकारले विद्यमान निकाय वा नयाँ निकायलाई निम्न कार्यको जिम्मेवारी प्रदान गर्नेछ :
- (क) आयोगका सिफारिस कार्यान्वयन अनुगमन गर्ने,
- (ख) आवश्यक भएमा आयोगले गरिआएको अनुसन्धानलाई निरन्तरता दिने,
- (ग) आयोगले संकलन गरेका गोप्य सूचनासहितका अभिलेखको संरक्षण गर्ने तथा उक्त अभिलेखलाई व्यवस्थित गर्ने,
- (घ) आवश्यक अन्य कार्यहरू गर्ने

**दफा ४२ (नियम बनाउने अधिकार)**

दफा ४२ लाई निम्न अनुसार संशोधन गर्न सुझाउ गरिन्छ :

(१) यस ऐनको उद्देश्य पूरा गर्न आयोगसंग परामर्श गरी नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।
(२) यस ऐनको उद्देश्य पूरा गर्न, खासगरी पीडित, साक्षी तथा आरोपित पीडकका अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न आयोगले आवश्यक आन्तरिक नियमावली तथा कार्यविधि तय गर्नेछ।

**ज्ञापनपत्र प्रस्तोता**

एडभोकेसी फोरम, एम्नेस्टी इन्टरनेसनल नेपाल, संक्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र (आईसिटिजे), अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), अस्वैच्छिक बेपत्ताविरुद्धको एसियाली महासंघ (आफ्द), ह्युमन राईटस वाच, इन्टरनेसनल कमिसन अफ जुरिस्ट र जवाफदेहिता निगरानी समिति।

# आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार : आजको आवश्यकता



नूतन थपलिया

सन् १९४८ मा संयुक्त राष्ट्रसंघले मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी गर्‍यो । मानवअधिकारको यस घोषणापत्रको धारा २-२१ मा नागरिक तथा राजनीतिक अधिकार छ भने यसको धारा २२-२७ ले मानवलाई स्वतन्त्र भएर बाँच्न पाउने हकका लागि चाहिने गाँस, बास, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र रोजगारीको अधिकारको प्रत्याभूति "आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार" मा गरेको पाइन्छ ।

संयुक्त राष्ट्रसंघबाट सन् १९६६ मा "आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र / अनुबन्ध" (ICESCR) र "नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र/ अनुबन्ध" (ICCPR) लाई पारित गरी १९७६ देखि लागू भएका छन् । यी अधिकारहरूलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुन भनिन्छ । र, यो अन्तर्राष्ट्रिय कानुन पनि हो । वास्तवमा आधुनिक र सभ्य राज्यको दर्जा (Statehood) को आवश्यक तत्व नै मानवअधिकार हो । विदेशी आर्थिक सहयोग लिन र व्यापार सन्धिका लागि पनि मानवअधिकारको पालना र संरक्षण गर्ने प्रतिबद्धता जनाउनुपर्छ । हाल विकसित देशहरूको परराष्ट्र नीतिको एउटा पक्ष (component) विश्वमा शान्ति र मानवअधिकारको सम्मान गर्नु, पालना गर्नु र संरक्षण गर्नु भन्ने हुन्छ ।

संयुक्त राष्ट्रसंघले पक्ष राष्ट्रबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान, पालना र संरक्षण कसरी भइरहेछ भनेर सुपरिवेक्षण गर्न आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी राष्ट्रसंघीय निर्वाचित कमिटी बनाएको हुन्छ जसले पाँच/पाँच वर्षमा पक्ष राष्ट्रको प्रतिवेदनमा सम्बन्धित सरकारी प्रतिनिधिसँग गम्भीर छलफल गर्दछ । एन.जि.ओ. र आई. एन.जि.ओ.ले पनि पक्ष राष्ट्रको समानान्तर प्रतिवेदन पठाउने परम्परा छ । सो समितिले अध्ययनपछि आफ्नो निष्कर्षसहितको टिप्पणी दिन्छ, जसलाई पक्षराष्ट्रले मार्ग दर्शनको रूपमा लिन्छन् ।

सन् १९९४ मा बनेको बेल्जियमको संविधानमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रत्याभूति गरेको छ । संविधानको धारा २० ले मानव सम्मानसाथ जिउने अधिकार (Right to life with dignity) दिएको छ । यो धारामा उच्चस्तरको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार दिएको छ । यो धाराले मानवसम्मान, इज्जत र प्रतिष्ठाका लागि प्रस्टरूपमा आवश्यक अधिकारको प्रावधान राखेको पाइन्छ । यहाँ यो सम्म पनि छ कि हालसालैको एम्नेस्टी इन्टरनेसनलको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र आत्मसम्मानसहितको अधिकार (Demand dignity)को अभियान भएकाले आर्थिक, सामाजिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र (convention) लाई जोड दिएको छ । अभावबाट मुक्ति र विपन्न वर्ग (गरिबीको रेखामुनि रहेका वर्ग) को सहभागिता र उनीहरूको अधिकारको संरक्षण नै यस अभियानको उद्देश्य हो । गरिब र निःसहायको पनि मानव अन्तर्निहीत सम्मान हुन्छ भन्ने कुरा मनन गर्नयोग्य छ ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रअनुसार निम्नलिखित महत्वपूर्ण अधिकारका बुँदाहरू सम्मिलित भएका छन् जसमा यी अधिकार उपभोग गर्न लिङ्ग, जाति, भाषा, वर्ण, धर्म, अपाङ्ग, तेस्रो लिङ्गको आधारमा भेदभाव गरिनेछैन र सबैलाई समान व्यवहार गरिनेछ (धारा २ र ३) । रोजगारी पाउने तथा रोजगारीको स्वतन्त्र छनोट गर्ने (धारा ६), राम्रो पारिश्रमिक तथा रोजगारीको वातावरण (धारा ७), ट्रेड युनियन संगठन गर्ने र कानुनबमोजि हडताल गर्ने (धारा ८) सामाजिक बिमालगायत सामाजिक सुरक्षा (धारा ९), परिवार र सदस्यहरूको सुरक्षा (धारा १०), भोकबाट मुक्त हुन पर्याप्त जीवनस्तर (धारा ११), शारीरिक र मानसिक स्वास्थ्य (धारा १२), शिक्षाको पहुँच (धारा १३ र १४), सांस्कृतिक जीवन र विज्ञानको उपलब्धिमा पहुँच र पेटेन्ट राइटको अधिकार (धारा १५) दिएको छ ।

जहाँ आर्थिक, सामाजिक तथा सांस्कृतिक र नागरिक तथा राजनीतिक अधिकारप्रति राज्य संवेदनशील छ, त्यो

राज्यमा आर्थिक, सामाजिक तथा राजनीतिक विकास भएको छ र ती विकाशशील देशमा गनिन्छन् । जहाँ यस्ता कुराहरूको प्रत्याभूति भएको छैन, त्यहाँ दिगो विकासको सम्भावना छैन ।

हाम्रो समाज सामन्ती सोचले ग्रस्त छ । सामन्ती समाजमा यी अधिकारहरू औद्योगिक एवम् विकसित देशले मात्रै दिन सक्छ तर विकासोन्मुख देशका लागि यो सम्भव हुँदैन भनेर भन्ने गरेको पनि पाइन्छ । वास्तवमा, राज्यको इच्छाशक्ति र दह्रो प्रतिबद्धता भएमा विकासोन्मुख देशहरूले पनि यी अधिकारहरू प्रत्याभूत गर्न सम्भव छ ।

राज्यले कुन कुरा प्राथमिकतामा राख्ने र व्यवस्थापनमा कसरी ध्यान दिने, सेना, हातहतियार, प्रहरी, प्रशासन, विदेशी भ्रमण आदिमा भएको फजुल खर्च रोक्ने भन्ने कुरामा दह्रो इच्छाशक्ति र प्रतिवद्धता देखाउनुपर्छ । मुख्य कुरा राज्यको इच्छाशक्ति र साधारण जनताप्रति संवेदनशीलता हो । विकासोन्मुख राज्यले आर्थिक, सामाजिक अधिकार हनन गरेको (Violation) तब मानिन्छ जब यी अधिकारको न्यूनतम आवश्यक स्तर (Minimum essential level) पनि पूरा गरिँदैन । प्रमाणका लागि आवश्यक खाद्य भण्डार (essential food stuffs) आवश्यक प्राथमिक स्वास्थ्य उपचार, आधारभूत आश्रय वा घर, अनिवार्य निःशुल्क प्राथमिक शिक्षाको पहुँचका लागि अलि धेरै संख्यामा मानिसहरू वञ्चित हुन्छन् भने राज्यले आफ्नो आवश्यक मूल दायित्व पनि पूरा नगरेको र मानवअधिकारको उल्लंघन गरेको भन्ने आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघको कमिटीले ठहर गरेको छ । सीमित आर्थिक स्रोतसाधन भएको देशले पनि न्यूनतम आवश्यक अधिकारको मूल दायित्व (minimum essential substance) पूरा गर्नुपर्छ अर्थात् अनिवार्य निःशुल्क प्राथमिक शिक्षा, निःशुल्क प्राथमिक (आधारभूत) स्वास्थोपचार, पर्याप्त भोजन, स्वच्छ हावा, स्वच्छ पिउने पानी, रोजगारीको स्वस्थ वातावरण आदिको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार पूरा गर्नु राज्यको दायित्वभित्र पर्छ ।

**वास्तवमा, राज्यको इच्छाशक्ति र दह्रो प्रतिबद्धता भएमा विकासोन्मुख देशहरुले पनि यी अधिकारहरु प्रत्याभूत गर्न सम्भव छ ।**

संयुक्त राष्ट्रसंघ प्रत्येक पक्षराष्ट्रलाई (State party) मानवअधिकारको अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र अनुसार आना जनताहरूलाई अधिकार दिन बाध्य छ । हाल अन्तर्राष्ट्रिय रूपमा उक्त दुवै प्रतिज्ञापत्रहरूका अनुसार नागरिक तथा राजनीतिक अधिकारका अलावा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई समेत विकासोन्मुख देशहरूका मूल कानुनमा सम्मिलित गर्ने परम्परा बन्दै आएको छ । प्रमाणको लागि सन् १९८८ मा ब्राजिल, १९९७ मा दक्षिण अफ्रिका, २००० मा श्रीलंका, २००२ मा पूर्वी टिमोर (हालसालै दक्षिण पूर्वी एसियामा जन्मेको यो सानो देशले उपभोक्ता अधिकार (Consumer Rights) र वातावरणसम्बन्धी अधिकार (Environmental Rights) समेत दिएको छ ) साथै २००४ मा अफगानिस्तानलगायतका धेरै देशहरूले नयाँ संविधान बनाउँदा उक्त अधिकारहरूलाई मौलिक अधिकारका रूपमा नै समेटेका छन् । 'नेपालको अन्तरिम संविधान, २०६३' ले सीमित रूपमा भए पनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई मौलिक हकअन्तर्गत राखी त्यही अन्तर्राष्ट्रिय अभ्यासलाई निरन्तता दिने कोसिस गरेको छ ।

यथार्थ के हो भने नागरिक तथा राजनीतिक अधिकारको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग अन्योन्याश्रित सम्बन्ध छ । एउटा अधिकार अर्को अधिकारसँग अन्तरसम्बन्धित भएकाले यी अधिकारहरूका बीच पक्षपात नगरी सम्पूर्ण मानवअधिकारको सम्मान, पालना र सुरक्षा प्रत्याभूत गर्नु राज्यको दायित्व हो । मानिसलाई बाँच्ने वा जीवन रक्षाको हक छ भने मानिस बाँच्न र जीवन रक्षाका लागि काम र पारिश्रमिक, स्वच्छ पानी, स्वच्छ हावा, शिक्षा, स्वास्थ्य जस्ता आर्थिक तथा सामाजिक अधिकार अत्यावश्यक छ । सबै मानवअधिकारहरू (नागरिक तथा राजनितिक र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार) विश्वव्यापी, अविभाज्य, अन्योन्याश्रित र एक अर्कासँग सम्बन्धित हुन्छन् भनेर अन्तर्राष्ट्रिय समुदायले बारम्बार मानी आएको छ । मानव मर्यादा, प्रतिष्ठा र इज्जत सुनिश्चित गर्नका लागि सबै मानवअधिकारहरूको यथोचित सम्मान हुनु अति आवश्यक छ । मानवको प्रतिष्ठा साथ बाच्ने हक सुनिश्चित गर्नुभन्दा राज्यको प्राथमिक कार्य अरू थोक हुँदैन । भावी संविधानको मस्यौदा बनाउने क्रममा संविधानसभाका सदस्यहरूले जिल्ला जिल्लामा गई जनमत बुझ्दा सर्वसाधारणले गाँस, बास र कामको व्यवस्था हुनुपर्ने राय दिएको समाचार आएको कुराले पनि यसको पुष्टि गर्दछ ।

नेपालको अन्तरिम संविधान, आइएलओ महासन्धि सं.

२२, युरोपेली सामाजिक बडापत्र, दक्षिण अफ्रिका, पूर्वी टिमोर आदिको संविधानसमेतका प्रावधानअनुरूप आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई संवैधानिक मान्यता दिन कोसिस गरिएको भए तापनि अन्तरिम संविधानमा अन्तरिमकालका लागि शर्तसहितका प्रावधान राखिएको अवस्थामा अब युगौंयुगसम्मको लागि बन्ने नयाँ संविधानमा नेपालले आफ्नो अन्तर्राष्ट्रिय प्रतिबद्धतामा डगमगाउनु राष्ट्रिय र अन्तर्राष्ट्रिय समाजमा राम्रो मानिँदैन । कानुनको शर्तको प्रावधान राखिनु नहुने प्रस्ट छ ।

स्मरणीय छ, संयुक्त राष्ट्रसंघीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिमा हरेक ५/५ वर्षमा नेपालको प्रगति प्रतिवेदन बुझाउँदा र औपचारिक छलफलमा समेत नेपाल सरकारका प्रतिनिधिहरूले नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा दिइएको अधिकारसमेतलाई नेपालको सन्धि ऐन २०४७ को दफा ६ र ९ अनुसार नेपालको कानुन सरह मान्यता दिइएको र अदालतले न्याय (इन्साफ) दिनुपर्ने भन्ने प्रष्ट पारेको छ । उक्त प्रतिज्ञापत्रको शब्द, भावना र अन्तर्राष्ट्रिय मापदण्डअनुसार आफ्नो दायित्व पूरा गर्न नेपाल सरकार पूर्ण प्रतिबद्ध छ भनेर सो समितिमा भन्दै आएको सन्दर्भमा यी सबै नागरिक, राजनीतिक एवम् आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई समान रूपमा भावी संविधानको मौलिक हकअन्तर्गत नागरिक, राजनीतिक अधिकारसरह प्रस्ट प्रावधान राखिन जरुरी हुन आउँछ ।

**आवश्यक कदमहरु (कानुनी समेत) तदारुकतासाथ चाल्नेछ भन्ने प्रावधान उल्लेख गरी अब बन्ने संविधानको निर्देशक सिद्धान्तमा स्पष्ट लेख्नु राम्रो हुनेछ ।**

मानव अधिकारको सबालमा नेपाल राज्यपक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, अनुबन्ध, घोषणाहरूमा दिएको अधिकारहरूको शब्द र भावना तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप नेपाल सरकारले पूर्ण पालना गर्नेछ र सोही अनुरूप आवश्यक कदमहरू (कानुनी समेत) तदारूकतासाथ चाल्नेछ भन्ने प्रावधान उल्लेख गरी अब बन्ने संविधानको निर्देशक सिद्धान्तमा स्पष्ट लेख्नु राम्रो हुनेछ ।

त्यसै गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका सम्बन्धमा देशभित्र प्राप्त आर्थिक स्रोत र साधनको अधिकतम प्रयोगसहित अन्तर्राष्ट्रिय आर्थिक तथा भौतिक सहयोगलगायत विशेषज्ञबाट सल्लाह जुटाउने प्रयास गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार क्रमिक रूपमा प्रगतिशील ढंगले सबै जनताले पूर्णरूपमा उपभोग गर्न सक्ने गरी आवश्यक ऐन कानुन राज्यले तदारूकताका साथ तर्जुमा गर्नेछ भन्ने प्रावधान राख्दा उपयुक्त हुन्छ । वास्तवमा राज्यले थेग्न नसक्ने र व्यवहारमा आउन नसक्ने अधिकार दिन र लेख्न मौलिक हकको सिद्धान्तसँग मिल्दैन ।

## निष्कर्ष

नेपाल अति कम विकसित अर्धसामन्ती मुलुक हो । यहाँ क्षेत्रीय असमानता, लैंगिक असमानता, जातीय असमानता, भाषिक असमानता आदि प्रचुर मात्रामा पाइन्छन् । वास्तवमा स्वतन्त्र भएर बाँच्नका लागि आर्थिक सामाजिक हकको कानुन र व्यवहार (de jure & de facto) मा प्रत्याभूति हुनु आवश्यक छ । राज्यको बनौटमा राजनीतिक रूपान्तरण भएर मात्रै पुग्दो रहेनछ । जुन देशमा आर्थिक, सामाजिक अधिकार दिएको छ र यी अधिकारहरूमा संवेदनशील भएको देशमा आर्थिक र सामाजिक उन्नति पनि भएको छ । त्यसैले यी अधिकारको सुनिश्चितताबिना राज्यको विकास गर्न सम्भव छैन । राज्यले न्यूनतम आवश्यक आधारभूत अधिकारलाई प्राथमिकता दिन र अनावश्यक फजुल खर्च रोक्न दृढ इच्छाशक्ति देखाउनु परेको छ । यी अधिकारहरू मौलिक हकमा सम्मिलन गर्दैमा राज्यले यी अधिकारमा आस्था या सम्मान (Respect) को प्रत्याभूति गर्छन् भन्ने हुँदैन । तर, पनि सबै मानवअधिकारहरू सर्वव्यापक, अविभाज्य र एक अर्कोसँग अन्योन्याश्रित हुन्छन् भन्ने तथ्यप्रति सम्बन्धित राज्यहरूको प्रतिबद्धता हुन्छ, जुन कुरा अन्तर्राष्ट्रिय समुदायले बारम्बार भन्दै आएको छ । र, यसले प्रभावित पक्ष (affected party) लाई यी अधिकारहरू कानुनी कदमबाट लागू गर्न र व्यवहारमा ल्याउन मद्दत पुग्दछ जसरी एकपछि अर्को नजिरबाट नागरिक तथा राजनीतिक अधिकारहरू प्राप्त हुँदै आएका छन् । हरेक पटक यी अधिकारहरूको नयाँ आयाम थपिन्छ र नयाँ इतिहास बन्दै जान्छ । आर्थिक, सामाजिक अधिकारमा पनि यो निरन्तर चलिरहने अभ्यास हो । मेरा अधिकार कहाँ छ भन्दै खोज्ने जागरुक नागरिक र संयुक्त रूपमा लडिदिने नागरिक समाजको खाँचो सधैं पर्दछ । यसलाई नबिर्सौं । ■

# रोमविधान अनुमोदनका लागि एम्नेस्टी इन्टरनेसनलको अभियान

अन्तर्राष्ट्रिय फौजदारी अदालत नरसंहार, युद्धअपराध र मानवता विरुद्धको अपराधमा संलग्न कुनै पनि व्यक्तिलाई न्यायिक कठघरामा उभ्याउन सक्ने पहिलो स्वतन्त्र र निष्पक्ष अन्तर्राष्ट्रिय निकाय हो । जब राष्ट्रिय सरकारहरूले गम्भीर प्रकृतिका मानवता विरुद्धका अपराध गर्ने दोषीलाई कारवाही गर्न सक्दैनन् वा गर्दैनन् तब यस अदालतले उक्त काम गर्न सक्दछ ।

विश्वमा बढ्दै गएका नरसंहार, युद्धअपराध र मानवता विरुद्धको अपराधमा सम्बन्धित देशका राष्ट्रिय संयन्त्रहरूले त्यस्ता अपराधका दोषीलाई कारवाही नगरेको वा कारवाही गर्न नसकेको घटनाहरूमा बृद्धि हुँदै जाँदा दण्डहीनताले व्यापकता पाएको देखिएकाले त्यस्ता अपराधमा संलग्न दोषीहरूमाथि कारवाहीको सुनिश्चितता र दण्डहीनताको अन्त्यका लागि सन् १९९८ मा इटलीको रोममा भएको एक भेलाले अन्तर्राष्ट्रिय फौजदारी अदालत (International Criminal Court – ICC) को विधान पारित गरेको थियो । विधानमा व्यवस्था भएबमोजिम, ६० भन्दा बढी राष्ट्रले यसको अनुमोदन गरेपश्चात् सन् २००२ को जुलाईमा उक्त अदालतको स्थापना भएको हो । अदालतले हाल युगान्डा, प्रजातान्त्रिक गणतान्त्रिक कङ्गो र सुडान लगायतका देशमा भएका मानवता विरुद्ध र युद्ध अपराधसम्बन्धी मुद्दाहरूको छानबिन गरिरहेको छ ।

हालसम्म १ सय १० देशले यस विधानको अनुमोदन गरी आफ्नो देश नरसंहार, युद्धअपराध र मानवताविरुद्धको अपराधको विपक्षमा रहेको तथा त्यस्ता अपराधका दोषीलाई निष्पक्ष अन्तर्राष्ट्रिय मापदण्डको अधीनमा रही कारवाही अघि बढाउने एवम् आफ्नो देशबाट दण्डहीनताको अवस्था समाप्त गर्ने दृढता प्रकट गरेर विश्वसामु उदाहरण पेश गरिसकेका छन् ।

### अनुमोदन गर्दा के फाइदा हुन्छ ?

अन्तर्राष्ट्रिय फौजदारी अदालतले विश्वभर दण्डहीनताको अन्त्यका लागि नयाँ अवसर सृजना गरेको हुँदा नेपालले पनि उक्त विधान अनुमोदन गरेमा आफूले अनुसन्धान गर्न नसकेका घटनाहरूको अनुसन्धानका लागि उक्त अदालतलाई अनुरोध गर्न सक्दछ । यदि नेपालमा नरसंहार, मानवता विरुद्धको अपराध तथा युद्ध अपराधका घटनाहरू भई राष्ट्रिय संयन्त्रहरूले त्यसको अनुसन्धान गर्न नसकेमा वा गर्न नचाहेमा अन्तर्राष्ट्रिय फौजदारी अदालतले उक्त काम गर्न सक्दछ । रोम विधानको अनुमोदन गरेमा नेपालले अन्तर्राष्ट्रिय फौजदारी अदालत सम्बन्धी निर्णय प्रक्रियामा समेत सहभागी हुन पाउँछ ।

### नेपालले अहिलेसम्म के गऱ्यो ?

नेपालमा दण्डहीनताको अवस्था व्यापक रहेको तथ्यलाई मध्यनजर गर्दै, त्यस्तो दण्डहीनता अन्त्य गर्न सक्ने फौजदारी अदालतको विधान पारित गर्न २०६३ साउन ९ गतेको प्रतिनिधिसभाको बैठकले सर्वसम्मतरूपमा सरकारलाई निर्देशन दियो । जसलाई अत्यन्तै सकारात्मक र स्वागतयोग्य कदम मान्न सकिन्छ । त्यसैगरी, रोम विधान अनुमोदनपछि नेपाललाई सिर्जना हुने दायित्व र यसको असरका सम्बन्धमा अध्ययन गर्न नेपाल सरकारद्वारा २०६३ कार्तिक १ गते गठित कार्यदलले यससम्बन्धी प्रतिवेदन २०६३ मंसिर २८ गते तत्कालीन उपप्रधान तथा परराष्ट्रमन्त्रीसमक्ष प्रस्तुत गरेको थियो ।

त्यस्तै तत्कालीन परराष्ट्रमन्त्री उपेन्द्र यादवले रोमविधान अनुमोदनका लागि २०६५ माघ २९ गते मन्त्रीपरिषद्मा प्रस्ताव पेश गर्नुभयो । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका नागरिक समाजहरूले परराष्ट्रमन्त्रीद्वारा राखिएको उक्त प्रस्तावको स्वागत गर्दै सकेसम्म चाँडो विधान अनुमोदनको प्रक्रिया सम्पन्न गर्न मन्त्रिपरिषद्बाट संसद्समक्ष प्रस्ताव पेश गर्न अनुरोध गरे । त्यसपछि भएको एक भेटघाटमा नेपाल सरकारका तत्कालिन एकजना मन्त्रीले सबै राजनीतिक दलहरूसँग अनौपचारिक रूपमा परामर्श नगरी रोम विधान अनुमोदनका लागि परराष्ट्रमन्त्रीले राख्नुभएको प्रस्ताव स्वीकृत नगर्ने कुरा एम्नेस्टी इन्टरनेसनलका प्रतिनिधिलाई बताउनुभएको थियो र हालसम्म पनि सो विधान अनुमोदन गरिएको छैन ।

# अनुमोदनका लागि आग्रह

परराष्ट्रमन्त्री सुजाता कोइरालाले अन्तराष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदनका लागि सरकारले प्रक्रिया अघि बढाउने बताउनुभएको छ ।

परराष्ट्रमन्त्री सुजाता कोइरालाले अन्तराष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदनका लागि सरकारले प्रक्रिया अघि बढाउने बताउनु भएको छ। एम्नेस्टी इन्टरनेसनलको प्रतिनिधिमण्डलले गत जुलाई २६ का दिन भेट्दा उहाँले सो कुरा बताउनुभएको हो। प्रतिनिधिमण्डल एम्नेस्टी इन्टरनेसनल नेपालका सभापति हेमकुमार खड्काको नेतृत्वमा परराष्ट्रमन्त्रीलाई भेट्न गएको थियो। सो अवसरमा खड्काले परराष्ट्रमन्त्रीलाई रोमविधान अनुमोदनको माग गरिएको हजारौं पत्र प्रदान गर्नुभएको थियो।

सो अवसरमा सभापति खड्का, निर्देशक रामेश्वर नेपाल र राष्ट्रिय कार्यकारी समितिका सदस्य राजन कुइँकेलले रोमविधान अनुमोदनका लागि एम्नेस्टी इन्टरनेसनलले चालेका कदमबारेमा जानकारी गराउनुभएको थियो। जुन र जुलाई २००९ मा एम्नेस्टी इन्टरनेसनलले रोमविधान अनुमोदनको आग्रह गर्दै अभियान सञ्चालन गरेको थियो। ■



नेपाल सरकारलाई रोमविधान अनुमोदनको आग्रह गरिएको ज्ञापनपत्र पेस गर्नुहुँदै एम्नेस्टी इन्टरनेसनल नेपालका अध्यक्ष हेमकुमार खड्का ।

**अनुमोदन किन तत्काल ?**

सामान्यतया अन्तर्राष्ट्रिय फौजदारी अदालतले कुनै पनि देशले रोम विधान अनुमोदन गरेपछिको मितिमा भएका घटनाहरूका सम्बन्धमा कारवाही अगाडि बढाउने हुँदा नेपालले यथाशीघ्र उक्त विधान अनुमोदन गर्न जरूरी छ। नेपाल अहिले यस्तो जटिल अवस्थामा छ, जतिबेला संक्रमणकालीन न्यायको सुनिश्चितता, दण्डहीनताको अन्त्य र न्यायपूर्ण एवम् दिगो शान्तिका लागि राज्यले विशेष तदारुकता देखाउनु जरुरी छ। यो विधान अनुमोदन गरेमा भविष्यमा यहाँ हुने कुनै पनि नरसंहार, मानवताविरुद्धको अपराध र युद्ध अपराधका दोषीलाई अन्तर्राष्ट्रिय न्यायिक कठघरामा ल्याउन सकिन्छ। अतः चाँडोभन्दा चाँडो रोम विधानको अनुमोदनका लागि प्रक्रिया अघि बढाउन र सो विधान अनुमोदनपश्चात् राज्यलाई सिर्जना हुने दायित्वहरू पूरा गर्न नेपाल सरकार अग्रसर हुनु पर्दछ।

**नेपाल लगायत डेनमार्क, क्यानडा, स्वीडेन, अस्ट्रेलिया, फ्रान्स, भारत, चीन, अमेरिका, बेलायत, नर्वे, चेक रिपब्लिक र अन्य देशबाट विभिन्न व्यक्ति तथा मानवअधिकारवादी संस्थाहरुका तर्फबाट कुल १३,८०१ जनाले नेपाल सरकारलाई अनुरोधपत्र पठाएका छन् ।**

**नेपालमा अभियान**

नेपालमा सत्य, न्याय र परिपूरण (Truth, Justice and Reparations) को सुनिश्चितताका लागि यही मे २००९ देखि एम्नेस्टी इन्टरनेसनलले सञ्चालन गरिरहेको छ।

(यस अभियान सम्बन्धी विस्तृत जानकारी http://www.amnesty.org/en/news-and-updates/news/demanding-justice-nepals-civil-war-victims-20090501 मा दिइएको छ )।

अन्तर्राष्ट्रियस्तरको उक्त १ वर्षे अभियानअन्तर्गतको एक कार्यक्रमका रूपमा यस संस्थाले १ जुन २००९ देखि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोमविधान अनुमोदनका खातिर विश्वभर विशेष अभियान सञ्चालन गर्‍यो।

रोम विधान अनुमोदन सम्बन्धी अभियानका क्रममा नरसंहार, मानवताविरुद्धको अपराध (गैरन्यायिक हत्या, जबर्जस्ती बेपत्ता र यातना लगायत) र युद्ध अपराधका घटनाहरूमा दण्डहीनताको अन्त्यका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गरेर दण्डहीनताको अन्त्यको लागि आफ्नो प्रतिबद्धता व्यक्त गर्न यस संस्थाले नेपाल सरकारलाई अनुरोध गरेको छ। अभियानका क्रममा मूलतः यस संस्थाका विश्वभर रहेका सदस्य एवं समर्थकहरूले तत्काल रोम विधान अनुमोदन गर्न अनुरोध गर्दै नेपाल सरकालाई पत्र लेखेका थिए।

नेपाल लगायत डेनमार्क, क्यानडा, स्वीडेन, अस्ट्रेलिया, फ्रान्स, भारत, चीन, अमेरिका, बेलायत, नर्वे, चेक रिपब्लिक र अन्य देशबाट विभिन्न व्यक्ति तथा मानवअधिकारवादी संस्थाहरूका तर्फबाट कुल १३ हजार ८ सय १ जनाले नेपाल सरकारलाई अनुरोधपत्र पठाएका छन्। एम्नेस्टी इन्टरनेसनल वर्तमान नयाँ सरकारसँग चाँडोभन्दा चाँडो उक्त रोम विधान अनुमोदनका लागि आग्रह गर्दछ।

**अभियानको अवधि**

यो अभियान २००९ को १ जुन (२०६६ जेठ १८ गते) देखि प्रारम्भ भएको हो। नेपाल लगायत विश्वभरबाट नेपाल सरकारलाई लेखिएका सबै पत्र साउन ९ गते सरकारलाई बुझाउने योजना गरिएको थियो। २०६३ साउन ९ गते प्रतिनिधिसभाले सरकारलाई रोम विधान अनुमोदन गर्न निर्देशन दिएको र यस वर्षको साउन ९ गते उक्त निर्देशन दिएको ३ वर्ष पूरा हुने भएको हुँदा सो विधान अनुमोदनका लागि ए.आई. ले संकलन गरेका हस्ताक्षर बुझाउनका लागि साउन ९ कै मिति तय गरिएको हो।

सोहीअनुरुप संकलित हस्ताक्षर बुझाउनका निम्ति ए.आई. नेपालले साउन ९ गतेका लागि परराष्ट्रमन्त्रीसँग समय माग गरेकोमा मन्त्रालयले पनि उक्त दिनका लागि भेटघाटको लागि समय तय गरेको थियो। तर साउन ९ गते विहानै मन्त्रालयले ए.आई. नेपालमा खवर गरी मन्त्री कोइराला उक्त दिन कार्यालय नआउनुहुने जनाएकोले ९ गतेको सट्टामा ११ गतेको लागि समय तय गरिएको थियो।

जसअनुसार ए.आई. नेपालका अध्यक्ष हेमकुमार खड्काको नेतृत्वमा साउन ११ गते दिउँसो १२ बजे एक प्रतिनिधिमण्डलले परराष्ट्रमन्त्री सुजाता कोइरालासँग भेटी नेपाल लगायत विश्वभरबाट संकलित १३ हजार ८ सय १ हस्ताक्षरसहितको अनुरोधपत्र बुझाएको थियो। ■

# सबैको चाहना : **रोमविधानको अनुमोदन**




**एम्नेस्टी इन्टरनेसनल नेपाल समूह ३ र २० काठमाडौंको आयोजनामा भएको गोष्ठीका सहभागीहरु ।**

एम्नेस्टी इन्टरनेसनल नेपाल समूह ३ र २० काठमाडौंको संयुक्त आयोजनामा 'अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोमविधान अनुमोदन र औचित्य' विषयक विचार गोष्ठी २०६६ असार २६ गते काठमाडौंमा आयोजना गरियो ।

एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय अभियानअन्तर्गत आयोजित सो कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका सदस्य तथा प्रवक्ता गौरी प्रधान, विधायकहरू शान्ति अधिकारी (नेकपा एमाले), एकराज भण्डारी (एनेकपा माओवादी), नेपाल बारका अध्यक्ष विश्वकान्त मैनाली, शान्ति र विकासका लागि नागरिक समाजका अध्यक्ष डा.सुन्दरमणि दीक्षित, एआई नेपालका अध्यक्ष हेमकुमार खड्का, संस्थापक नूतन थपलिया, एआई नेपाल समू-३ का संयोजक भवानीप्रसाद खरेल र एआई नेपाल समूह-२० का संयोजक सर्वेश्वरी पण्डितले रोम विधान अनुमोदन गर्दाका उपलब्धी र यसका विविध पक्षबारेमा प्रकाश पार्नु भएको थियो । सरकारले रोमविधान तत्काल अनुमोदन गनुपर्नेमा वक्ताहरूले जोड दिएका थिए ।

सो अवसरमा बोल्दै राष्ट्रिय मानवअधिकार आयोगका सदस्य प्रधानले रोमविधान अनुमोदन गर्न आयोगले २०६५ साउन २२ गते नै सरकारलाई सिफारिस गरेको बताउनुभयो । मानवअधिकार सम्बन्धी थुप्रै सन्धि अभिसन्धिमा नेपालले हस्ताक्षर गरेको भए पनि त्यसको कार्यान्वयन पक्ष कमजोर रहेको बताउँदै उहाँले रोम विधान अनुमोदनका लागि प्रतिनिधिसभाले पनि निर्देशन दिइसकेको अवस्थामा सरकारले यसमा ढिलाइ गर्न नहुने धारणा राख्नुभयो । उहाँले आयोगका तर्फबाट गरिएका सिफारिस सरकारले कार्यान्वयन नगरेकोमा दुःख पनि व्यक्त गर्नुभयो ।

सो अवसरमा बोल्दै एमालेबाट प्रतिनिधित्व गर्नुहुने

सभासद् शान्ति अधिकारीले मानवअधिकारको रक्षा एवम् दण्डहीनताको अन्त्यका लागि पनि रोमविधान अनुमोदन गर्नु जरुरी रहेको बताउनुभयो । माओवादी समर्थित सभासद् एकराज भण्डारीले दण्डहीनता बढेको र आफूहरू पीडित भएका कारण पनि रोमविधान पारित होस् भन्ने पक्षमा भएको बताउनुभयो । मानवअधिकार उल्लंघन गर्ने सेनालाई कारबाहीको सट्टा उल्टो बढुवाको तयारी भएको बताउँदै उहाँले जनउत्तरदायी तथा स्थायी सरकार नबनेसम्म मुलुकमा अन्यौल र अस्थिरता रहिरहने भएकाले आम राजनीतिक सहमति आवश्यक भएको बताउनुभयो । 'रोमविधानको अनुमोदन गरिनुपर्दछ' -उहाँको भनाइ थियो ।

सो अवसरमा बोल्दै शान्ति र विकासका लागि नागरिक समाजका अध्यक्ष सुन्दरमणि दीक्षितले विगतमा मानिस मार्नेले अहिले आनन्दको जीवन बिताइरहेको उल्लेख गर्दै अपराधीहरूलाई संरक्षण र छुट हाम्रै नेताहरूबाट भइरहेको धारणा राख्नुभयो । दोषी सेनालाई बढुवा गरिएको र दण्डहीनताले उग्र रूप लिएको चर्चा गर्दै उहाँले रोम विधान अनुमोदन भएमा अपराधी छुट्न नसक्ने तथा यो विधान अनुमोदनका लागि नागरिक दबाब जरुरी भएको बताउनुभयो ।

कार्यक्रममा एआईका संस्थापक नूतन थपलियाले रोमविधान अनुमोदन भएमा दण्डहीनताको अन्त्य हुने र जनदबाब सिर्जना गरी यो विधान अनुमोदन गराउनुपर्ने बताउनुभयो । 'यसो भएमा नेपाली जनताले न्याय पाउनेछन्' -उहाँको भनाइ थियो ।

सो अवसरमा एआई नेपालका अध्यक्ष हेमकुमार खड्काले रोमविधान पारित गर्न एआई नेपालले राष्ट्रपति, प्रधानमन्त्री र संविधान सभाका अध्यक्षलाई भेटी आग्रह गरिसकेको जानकारी गराउँदै यस अभियानमा सहयोग र सहकार्यका लागि सबैमा आग्रह गर्नुभयो । 'यसलाई आन्दोलनका रूपमा अगाडि लैजानु जरुरी छ' -उहाँको भनाइ थियो ।

सो अवसरमा बोल्दै नेपाल बार एसोसिएसनका अध्यक्ष विश्वकान्त मैनालीले रोमविधान अनुमोदनका लागि भएका अभियानह र कार्यमा नेपाल बारको ऐक्यबद्धता रहेको बताउनुभयो । उहाँले मानवअधिकारको संरक्षण र दण्डहीनताको अन्त्यका लागि पनि यसको अनुमोदन जरुरी भएको चर्चा गर्दै नेपालमा राजनीतिक संरक्षणमा अपराध भइरहेकोले यसको अन्त्य हुनुपर्ने बताउनुभयो ।

**"हामी सबैको पहल र सहकार्यबाट मात्रै यो सम्भव हुने भएको हुँदा यस अभियानमा सहयोगका लागि एआई सबैमा अनुरोध गर्दछ ।"**

सो अवसरमा बोल्दै एआई नेपाल समूह–३ काठमाडौंका संयोजक भवानीप्रसाद खरेलले मानवअधिकारको संरक्षण र संवर्द्धनको क्षेत्रमा विश्वव्यापी रूपमा कार्यरत संस्था एआईले रोमविधान अनुमोदनकालागि आग्रह गर्दै राष्ट्रव्यापी रूपमा अभियान सञ्चालन गर्दै आएको बताउनुभयो । उहाँको भनाइ थियो- 'हामी सबैको पहल र सहकार्यबाट मात्रै यो सम्भव हुने भएको हुँदा यस अभियानमा सहयोगका लागि एआई सबैमा अनुरोध गर्दछ ।'

उहाँको थप भनाइ थियो- शान्ति, विकास र मानवअधिकारको रक्षा एवम् सम्मानका लागि रोमविधान आवश्यक छ । कार्यक्रममा एआई नेपाल समूह-२० का संयोजक सर्वेश्वरी पण्डितले अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना, यसका कार्यहरू र यसको अनुमोदनबाट हुने उपलब्धि एवम् एआईको रोमविधान अनुमोदन अभियानका विविध पक्षमा प्रकाश पार्दै मानवअधिकारको संरक्षणका लागि रोमविधानको अनुमोदन आवश्यक भएको बताउनुभयो ।

समूह-३ का संयोजक खरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन समूह-२० का सचिव विनोदकुमार विश्वकर्माले गर्नुभएको थियो । सो अवसरमा रोमविधान अनुमोदन गर्न माग गर्दै प्रधानमन्त्रीसमक्ष पेश गरिने अनुरोधपत्रमा कार्यक्रमका प्रमुख अतिथि एवम् राष्ट्रिय मानवअधिकार आयोगका सदस्य गौरी प्रधानले हस्ताक्षर गरी अभियानलाई अगाडि बढाइएको थियो । कार्यक्रममा विभिन्न सामाजिक एवम् पेसागत संघसंस्थाका प्रतिनिधि, कानुनव्यवसायी, पत्रकार, एआई नेपालका राष्ट्रिय कार्यसमितिका सदस्य, सचिवालय र यसका विभिन्न समूहका प्रतिनिधिसहित करिब १ सय ७५ जनाको सहभागिता रहेको समूहका सचिव राजकुमार गुरुङले जानकारी गराउनुभएको छ । ■

# मानवअधिकार समुदायको धर्ना

मानवअधिकार सम्बन्धी संगठनहरूले अन्तर्राष्ट्रिय न्याय दिवस तथा रोमविधान अनुमोदनको ११औं वार्षिकोत्सवका अवसरमा १७ जुलाई २००९ का दिन रत्नपार्कको शान्ति वाटिकामा धर्ना कार्यक्रमको आयोजना गरे । दण्डहीनता अन्त्यका लागि नागरिक कार्यदलद्वारा आयोजित सो कार्यक्रममा सर्वसाधारण र कार्यदलमा सामेल मानिसहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा सहभागीले तत्कालिन पुनःस्थापित संसद्ले २५ जुलाई २००६ मै रोमविधान अनुमोदनसम्बन्धी संकल्प प्रस्ताव पारित गरे पनि सरकारले त्यसको अनुमोदन नगरेकोमा आलोचना गरेका थिए । सो अवसरमा बोल्दै फोहरिडका सभापति वीरेन्द्रप्रसाद थपलियाले रोमविधान प्रत्यक्ष रूपमा दण्डहीनता सग सम्बन्धीत भएको बताउनुभयो ।

उहाँले नया सविधानमा बढ्दो दण्डहीनता अन्त्यका लागि आउँदो संविधानमा नै कानुनी उपचारको सुनिश्चितता हुनुपर्ने बताउनुभयो । थपलियाले नेपाली शासक र राजनीतिकर्मीले आमहत्या र युद्धअपराधलाई प्रोत्साहन गरिरहेको बताउनुभयो ।

मानवअधिकार रक्षक चरण प्रसाईंले नेपालमा गणतन्त्र स्थापना भएर पनि मानवअधिकार उल्लंघन नरोकिएको बताउनुभयो । उहाँले सेना, प्रहरी र तत्कालीन विद्रोही माओवादीको मानसिकतामा कुनै परिवर्तन नभएको बताउनुभयो । अपराधलाई सजाय हुँदैन भन्ने मानसिकतामा परिवर्तनका लागि पनि रोमविधान अनुमोदन हुनुपर्ने उहाँको भनाइ थियो ।

धन्यवाद ज्ञापन गर्दै सो कार्यक्रमका संयोजक नूतन थपलियाले रोमविधानको अनुमोदनपछि मात्रै नेपालको छवि अन्तर्राष्ट्रिय जगत्मा राम्रो हुने बताउनुभयो । रोमविधानको अनुमोदनपछि मात्रै न्याय दिवस मनाउनुको सार्थकता हुने र दण्डहीनताको अन्त्य हुने बताउनुभयो । ■




धर्नामा मानवअधिकारवादीहरू

# रोमविधान अनुमोदनका लागि ठाउँठाउँमा हस्ताक्षर संकलन

**समूह-४०, कावासोती**

एम्नेस्टी इन्टरनेसनल समूह–४० कावासोतीले २०६६ असार २९ देखि ३१ गतेसम्म रोमविधान अनुमोदनका लागि हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गरेको छ । सो कार्यक्रममा करिब ५ सय थान हस्ताक्षर संकलन भएको थियो । कार्यक्रममा शिक्षक, प्राध्यापक, विद्यार्थी, महिला, समाजसेवी, बुद्धिजीवीलगायतको सहभागिता रहेको थियो । सो कार्यक्रमको असार २९ गते एम्नेस्टी इन्टरनेसनलका केन्द्रीय सदस्य चेतनारायण भुसालले हस्ताक्षर गरी उद्घाटन गर्नुभएको थियो भने कार्यसमितिका संयोजक नारायण शर्मा, सचिव रुद्रप्रसाद सापकोटालगायत समितिका पदाधिकारीले हस्ताक्षर गर्नुभएको थियो ।

**समूह-६९, सुर्खेत**

एम्नेस्टी इन्टरनेसनल समूह –६९ सुर्खेतले रोम विधान अनुमोदनका लागि २०६६ असार २७ गते वीरेन्द्रनगरमा एक हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गर्‍यो । कार्यक्रमको उद्घाटन समूह-६९ का संयोजक विष्णु खनालले गर्नुभएको थियो भने सल्लाहकार भानुभक्त भारतीले कार्यक्रमको औचित्यतामाथि प्रकाश पार्नु भएको थियो । काँक्रेबिहार युथ नेटवर्कका सदस्य अनिल शाहीले सञ्चालन गर्नुभएको सो कार्यक्रममा समूह-६९ का




कोषाध्यक्ष वसन्तराज भण्डारी, कार्यसमिति सदस्य किरणराज रेग्मी र थानेश्वर लामिछानेले रोमविधान अनुमोदनका लागि एम्नेस्टी इन्टरनेसनलले खेलेको भूमिका बारेमा चर्चा गर्नुभएको थियो । कार्यक्रममा प्राध्यापक, वकिल, शिक्षक, व्यापारीलगायत विभिन्न तह र तप्काका मानिसहरूको सहभागिता रहेको थियो ।

सो कार्यक्रममा रोमविधान अनुमोदनका सम्बन्धमा व्यापक रूपमा पर्चासमेत वितरण गरिएको थियो । कार्यक्रम समूह-६९ का संयोजक विष्णु खनालको सभापतित्वमा सम्पन्न भएको थियो ।

**समूह-१०, सुनसरी**




एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाअन्तर्गतको समूह–१० इनरुवा, सुनसरीले स्थानीय सुपरमार्केट चोकमा रोमविधान अनुमोदनको माग गर्दै हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गरेको छ । कार्यक्रममा विभिन्न पेशा र समूहमा आबद्ध सर्वसाधारण नागरिकसम्मले हस्ताक्षर गरेका थिए । सो अवसरमा कुल ७ सय ३८ हस्ताक्षर संकलन गरिएको समूहका संयोजक धनिकलाल मेहताले जानकारी दिनुभएको छ ।

**समूह–२७, लमजुङ**

एम्नेस्टी इन्टरनेसनल समूह–२७ सुन्दरबजार लमजुङ र युथ नेटवर्क सुन्दरबजार लमजुङले रोमविधान अनुमोदनको माग गर्दै २०६६ असार २४ गते हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गरेको छ । सो अवसरमा लमजुङ क्याम्पसका प्रमुख डा.यमबहादुर गुरुङ, एआई समूह–२७ का संयोजक रामकृष्ण भण्डारी, क्याम्पसका प्राध्यापक, युथ नेटवर्कका पदाधिकारी, अन्य विशिष्ट व्यक्तित्व र विद्यार्थीको समेत

सहभागिता रहेको थियो । सहभागी सबैले सरकारले तत्काल रोमविधान अनुमोदन गर्नुपर्ने माग गरेको समूहका संयोजक रामकृष्ण भण्डारीले बताउनुभएको छ ।

**युथ नेटवर्क, कोहलपुर**

एम्नेस्टी इन्टरनेसनल समूह-२६ र युथ नेटवर्क कोहलपुरले २०६५ असार २७ गते स्थानीय पीपल चौतारीमा रोमविधान अनुमोदनका लागि हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गरे । सो अवसरमा नेटवर्कका संयोजक गोविन्द बाग्लेले रोमविधान अनुमोदनका लागि सबैमा आह्वान गर्नुभएको थियो । ६ सय ४० जनाको हस्ताक्षर सो अवसरमा संकलन गरिएको थियो । कार्यक्रमको समापन समूह–२६ का संयोजक दिनेश सिग्देलले गर्नुभएको थियो ।

**समूह-६०, झापा**



एम्नेस्टी इन्टरनेसनल समूह–६० दमक, झापाले २०६६ असार २९ गते स्थानीय सरस्वती उच्चमाविमा रोमविधान अनुमोदनको माग गर्दै हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गऱ्यो । सो अवसरमा समाजका विभिन्न वर्गका ७ सय मानिसको हस्ताक्षर संकलन गरिएको समूह संयोजक शेषकुमार निरौलाले जानकारी गराउनुभयो ।

सो समूहका संयोजक निरौलाको सभापतित्वमा भएको कार्यक्रमको सञ्चालन प्रगतिशिल युवा नेटवर्कका संयोजक रामचन्द्र भट्टराईले गर्नुभएको थियो । सो कार्यक्रममा लीलानाथ खनाल, कृष्ण भण्डारी, शेषकुमार निरौला, प्रकाश भण्डारी र भानुभक्त दाहालले बोल्नुभएको थियो । उक्त कार्यक्रमको अगुवाई प्रगतिशिल युवा नेटवर्कका सदस्यहरु एलिना निरौला, आशिष रेग्मी, मेघराज अधिकारी र लेखनाथ ओझाले गर्नुभएको थियो ।

**समूह-५०, भक्तपुर**




एम्नेस्टी इन्टरनेसनल महिला समूह–५० भक्तपुरबाट रोमविधान अनुमोदनको माग गर्दै स्थानीय दूधपाटीमा २०६६ असार २० गते एक हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गरियो । समूह संयोजक मंगला मगजू र सचिव निरु ताल्चाभडेल तथा सदस्य भामा प्रजापतिलगायतको सहभागिता रहेको कार्यक्रममा ६ सय ४० जनाले हस्ताक्षर कार्यक्रममा सहभागिता जनाएका थिए ।

**समूह-७८, लालबन्दी**



एम्नेस्टी इन्टरनेसनल समूह–७८ लालबन्दीले दण्डहीनताको अन्त्यका लागि रोमविधानको अनुमोदनको माग गर्दै २०६६ असार २६ गते हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा ७ सय हस्ताक्षर संकलन गरिएका थिए । सो अवसरमा समूहका पूर्वसंयोजक सुरेन्द्रकुमार न्यौपानेले कार्यक्रमबारेमा जानकारी गराउनुभएको संयोजक पर्शुराम हाडाले बताउनुभयो ।

**समूह-१२, बुटवल**

एम्नेस्टी इन्टर नेसनल समूह-१२ बुटवलले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोमविधान अनुमोदनका लागि हस्ताक्षर संकलन गरेको छ । सो अवसरमा ४ सय हस्ताक्षर



संकलन भएको कार्यक्रम संयोजक निरञ्जन पाण्डेयले जानकारी गराउनुभयो ।

**मितेरी युथ नेटवर्क, काठमाडौं**




ए.आई. नेपालअन्तर्गतको मितेरी युथ नेटवर्कले रोमविधान अनुमोदनको माग गर्दै २०६६ साउन ४ गते पुतली सडकस्थित नेसनल एकेडेमी फर मेडिकल एजुकेसनको प्रांगणमा एक हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गर्‍यो ।

कार्यक्रमको उद्घाटन नेमका निर्देशक डा. नवीनकुमार शर्माले गर्नु भएको थियो । कार्यक्रममा विद्यार्थी र शिक्षकहरूको अत्यधिक सहभागिता रहेको थियो ।साथै चिकित्सक, मानवअधिकारकर्मी र सर्वसाधारणको पनि उल्लेख्य सहभागिता रहेको थियो । दुई घण्टा लामो उक्त कार्यक्रममा करिब ३ हजार व्यक्तिको हस्ताक्षर संकलन भएको थियो ।

हस्ताक्षर संकलनबाहेक उक्त कार्यक्रममा अन्तर्राष्टिय फौजदारी अदालत र यसको महत्वसम्बन्धी जानकारीमूलक पर्चा पनि वितरण गरिएको थियो । साथै उक्त कार्यक्रममा समूह-२० का कार्यसमितिका पदाधिकारी र मितेरी युथ नेटवर्कका सदस्यहरूको सक्रिय सहभागिता रहेको मितेरी युथ नेटवर्कका संयोजक सुयश पण्डितले जानकारी गराउनुभयो ।

**समूह-४३, बनेपा**



एम्नेस्टी इन्टरनेसनल समूह–४३ र बनेपा युथ नेटवर्कले १७ जुलाई २००९ का दिन बनेपाको चार दोबाटो चोकमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गरे । हस्ताक्षर संकलन कार्यमा देशमा दण्डहीनता अन्त्यका लागि रोमविधान अनुमोदन गर्नुपर्ने माग गरिएको थियो । करिब ४ सय मानिसले सो अवसरमा हस्ताक्षर गरेको बनेपा युथ नेटवर्कका कार्यवाहक संयोजक सुमनधुन श्रेष्ठले बताउनुभयो ।

**समूह-८०, काठमाडौं**

एम्नेष्टी इन्टरनेसनलको बालबालिकाका लागि कार्यरत समूह ८० ले नरसंहार, मानवताविरुद्धको अपराध र युद्ध अपराधका घटनामा दण्डहीनताको अन्त्यका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदनको लागि प्रधानमन्त्री समक्ष हस्ताक्षर संकलन गरी बुझाउने उदेश्यले हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गर्‍यो । सो कार्यक्रमअन्तर्गत जोसेफ माध्यमिक विद्यालयको प्राङ्गण र कपन-३ मिलनचोकको चोकमा हस्ताक्षर संकलन कार्यक्रम सम्पन्न गरिएको थियो ।

कार्यक्रममा बाटोमा हिंड्ने बटुवादेखि समाजमा रहेका व्यक्ति तथा व्यक्तित्वहरूलाई समेत आह्वान गरी हस्ताक्षर संकलन गर्न लगाइयो भने त्यस क्षेत्रमा रहेका विभिन्न विद्यालयका छात्रछात्राहरूले समेत हस्ताक्षर गरी ऐक्यबद्धता प्रकट गरेका थिए। कार्यक्रममा करिब १ हजार जनाको सहभागिता रहेको थियो ।

**समूह -५२, बर्दिया**



एम्नेष्टी इन्टरनेशनल समूह–५२ बर्दियाले रोम विधान अनुमोदनको आग्रह गर्दै प्रधानमन्त्रीलाई बुझाइने हस्ताक्षर संकलनकालागि २०६६ साउन ९ गते एक कार्यक्रमकोृ आयोजना ग–यो । सो अवसरमा कूल ५सय हस्ताक्षर संकलन गरिएको सो समूहका संयोजक सूर्यमोहन सापकोटाले जानकारीगराउनु भएको छ ।

**समूह-५७, जनकपुर**



रोम विधान अनुमोदनको माग गर्दै जनकपुरको जानकीचोकमा २०६६ साउन ४ गते १ हजार व्यक्तिले हस्ताक्षर गरेका छन् । सो कार्यक्रममा एम्नेस्टी इन्टरनेसनलका पूर्व केन्द्रीय सदस्य शरदचन्द्रपसाद, समूह-५७ का संयोजक श्यामबाबु साह, सहसंयोजक विजय ठाकुर, शैलेशलाल दास, डी.ई श्यामकिशोर यादव, जयकिशोर यादव, मनोज भगत र मानवअधिकार तथा शान्ति समाजका जिल्ला सभापति कमल साहको सहभागिता रहेको थियो । कार्यक्रम जनकपुर युथ नेटवर्कका संयोजक अमरनाथ शाहको अगुवाईमा भएको थियो । जसमा युथ नेटवर्कका जयप्रकाश ठाकुर, आनन्द चौधरी, विश्वम्भरनाथ शाह , भरत साह , अलफा साह , खुस्वु भगत लगायतको पनि सहभागिता रहेको सो समूहका संयोजक श्यामबाबु साहले जानकारी गराउनुभयो ।

**समूह-८२, पोखरा**



रोम विधान अनुमोदनको आग्रह गरिएको मूल नाराका साथ एम्नेस्टी इन्टरनेसनल समूह–८२ पोखराले स्थानीय चिप्लेढुङ्गा चोकमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गरेको छ । सो अवसरमा ६ सयभन्दा बढी मानिसले हस्ताक्षर गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथी तथा एम्नेष्टी इन्टरनेसनलका केन्द्रीय सदस्य निर्मलबाबु श्रेष्ठले हस्ताक्षर संकलनको उद्देश्यबारेमा प्रष्ट पार्नुभएको थियो भने समूहका सल्लाहकार हेरम्बप्रसाद कोइरालाले रोमविधान अनुमोदन भएमा नेपालमा भइरहेको दण्डहीनता, हिंसा, अपराध र अपहरणको न्युनीकरण हुने कुरा बताउनुभएको थियो ।

सो अवसरमा समूहका संयोजक पूण्यप्रसाद पौडेल, सचिव गीता विष्ट, सहसचिव मुना बास्तोला, कोषाध्यक्ष मुक्तीप्रसाद ढकाल, सदस्यहरू टंक प्रसाद भण्डारी, बसन्त सुवेदी, गोपाल भूषाल, ज्ञान शर्मा, बाराही युथ नेटवर्कका संयोजक सन्तोष नेपाली, अन्य युथ र समूह ८२ का सदस्यहरूको सहभागिता रहेको थियो । सो कार्यक्रम एम्नेस्टी इन्टरनेसनल समूह ८२ पोखराका सदस्य डिल्लीराम अधिकारीको संयोजकत्वमा भएको थियो ।

कार्यक्रममा दण्डहीनताको बारेमा लेखिएका पर्चासमेत वितरण गरिएको कुरा कार्यालय सचिव अनिता देवकोटाले बताउनुभएको छ । ■

# समूह र युथ नेटवर्कको साधारण सभा

**समूह-८१, भैरहवा**

एम्नेस्टी इन्टरनेसनल समूह–८१ को नवौं साधारण सभा २०६५ पुस १४ गते सम्पन्न भयो । सो अवसरमा सचिव र कोषाध्यक्षको प्रतिवेदनमाथि छलफल गर्दै पारितसमेत गरिएको थियो । आठौं साधारण सभाबाट सचिव पदमा निर्वाचित रामलखन जैसवालले घरायसी कारणले २०६४ माघ ५ गते राजीनामा दिनुभएकोमा २०६४ माघ ७ गते कार्यसमितिको बैठक बसी सो राजीनामा स्वीकृत गर्नुका साथै सुश्री हीरा खडकालाई नयाँ सचिव पदमा नियुक्त गर्ने निर्णयसमेत गरेको थियो।

**माछापुच्छ्रे युथ नेटवर्क**



एम्नेस्टी इन्टरनेसनल नेपाल अन्नपूर्ण समूह-५४ अन्तर्गतको माछापुच्छ्रे युथ नेटवर्कको साधारण सभा सो समूहका प्रतिनिधि विवेक घिमिरेको सभापतित्वमा २०६६ असार २० गते सम्पन्न भएको थियो । सो सभाले सर्वसम्मतिबाट दुईवर्षे कार्यकालका लागि संयोजकमा अम्बिकाप्रसाद तिमल्सिना र उपसंयोजकमा कोपिला भुजेललाई चयन गरेको छ ।

अन्नपूर्ण समूह-५४ का संयोजक तथा कार्यक्रमका प्रमुख अतिथि रामराज लामिछानेले कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । कार्यक्रममा युथ नेटवर्कका अम्बिका तिमल्सिनाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने समूहका सल्लाहकार नीलबहादुर केसी, सचिव विमलराज दवाडी, सदस्य चूडामणि सुवेदी, युथ नेटवर्ककी कोपिला भुजेल गायतले पनि मन्तव्य राख्नुभएको थियो । कार्यक्रमको उद्घोषण युथ नेटवर्कका गणेशप्रसाद पौडेलले गर्नुभएको थियो ।

**समूह ८३, दमक**

एम्नेस्टी इन्टरनेसनल नेपाल समूह–८३ को साधारण सभा २०६६ असार १३ गते दमकमा सम्पन्न भयो । समूहका सचिव लेखनाथ पौडेलले आव २०६५/२०६६ असारसम्मको प्रगति विवरण पेस गर्नुभयो । साधरण सभाले कार्यसमितिको पुनर्गठन गरी सात सदस्यीय नयाँ कार्यसमिति गठन गरेको छ । समितिमा लेखनाथ निरौला संयोजक, सीताराम भट्टराई सहसंयोजक, सुमित्रा नेपाल सचिव, गोमा भट्टराई कोषाध्यक्ष तथा सदस्यहरूमा मधु पौडेल, चेतबहादुर दाहाल र पुष्पप्रसाद अधिकारी छानिनुभएको छ ।

कार्यक्रममा बोल्दै समाजसेवी लक्ष्मी काफ्लेले मानवअधिकारको अवस्था नाजुक रहेको घडीमा एम्नेस्टीले मानवअधिकार शिक्षाको प्रचारप्रसारमा जोड दिन आग्रह गर्दै नयाँ कार्यसमितिलाई शुभकामना प्रदान गर्नुभयो ।

**समूह-८९, टीकापुर**



एम्नेस्टी इन्टरनेसनल नेपाल समूह-८९ टीकापुर कैलालीको पाँचौं वार्षिक साधारणसभा २०६६ भदौ १३ गते सम्पन्न भयो । समूह संयोजक कर्ण कुँवरको अध्यक्षता तथा कैलाली जिल्ला क्षेत्र नं. १ का पूर्वसांसद गंगाबहादुर कुँवरको प्रमुख आतिथ्यमा सम्पन्न सो साधारण सभाको उद्घाटन समारोहका अतिथि तथा वक्ताहरूमा टीकापुर बहुमुखी क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष नरबहादुर ठकुल्ला, टीकापुर बहुमुखी क्याम्पसका प्रमुख जगतबहादुरसिंह रावल, वीरेन्द्र विद्यामन्दिर बहुमुखी

क्याम्पसका प्रमुख कीर्तिसिंह बम, टीकापुर नागरिक समाजका संयोजक यज्ञमूर्ति अर्याल, बौद्धिक समाज, टीकापुरका अध्यक्ष ताराप्रसाद जोशी, टीकापुर उद्योग वाणिज्य संघका उपाध्यक्ष आनन्द हमाल, टीकापुर सामुदायिक पुस्तकालयका सचिव बलबहादुर विष्ट, नेपाल पत्रकार महासंघ, कैलाली शाखाका उपाध्यक्ष भुवनेश्वर अधिकारी र एकीकृत नेकपा (माओवादी) का प्रतिनिधि हरिप्रसाद तिमिल्सेना रहनुभएको थियो ।

समूहका ६३ जना सदस्य उपस्थित रहेको साधारण सभाको बन्दसत्रमा समूह सचिव नन्दराज खनालद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन तथा आर्थिक वर्ष २०६६/०६७ का लागि ६९ हजार रूपैयाँबराबरको अनुमानित आय-व्यय विवरण पारित गरिएको थियो । साथै सो साधारण सभाले समूहका सदस्य एवम् टीकापुर बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख केशरबहादुर कुँवरको संयोजकत्वमा नारायणप्रसाद तिमिल्सेना र अनिल कोइराला सदस्य रहेको निर्वाचन समिति गठन गरेको थियो । सो निर्वाचन समितिले नयाँ कार्यसमिति निर्विरोध चयन भएको घोषणा गरेको थियो । नयाँ कार्यसमितिमा संयोजक, उपसंयोजक, सचिव, उपसचिव र कोषाध्यक्षमा क्रमशः नन्दराज खनाल, कमलप्रसाद उपाध्याय, टेकबहादुर सार्की, देवबहादुर रावल र पद्मिनी थापा चयन हुनुभएको छ । त्यस्तै सदस्यहरूमा इन्द्रबहादुर रावल, परमानन्द पाण्डे, भरत रावल र देवकला खनाल छानिनुभएको छ ।

समूहको विनियमबमोजिम ११ सदस्यीय कार्यसमितिका लागि दुई जना सदस्य, सल्लाहकार समिति एवम् विभिन्न उपसमिति संयोजक तथा सदस्यहरू नवनिर्वाचित कार्यसमितिको बैठकले मनोनीत गर्ने र नवनिर्वाचित कार्यसमितिको पदस्थापन केन्द्रीय सदस्यको उपस्थितिमा २०६६ भदौ २१ गतेका दिन गरिएको एआई नेपाल समूह–८९, टीकापुर, कैलालीका संयोजक कर्ण कुँवरले जानकारी गराउनुभयो ।

### समूह-३७, भद्रपुर

एम्नेस्टी इन्टरनेसनल समूह–३७ को वार्षिक साधारण सभा २०६६ साउन १२ गते स्थानीय वाल्मीकि एजुकेसन फाउन्डेसनको सभा हलमा सम्पन्न भएको छ । सो सभाले समूहको संयोजकमा अनिलकुमार झा, सहसंयोजकमा भोजराज दाहाल, कोषाध्यक्षमा मेमलाल राजवंशी, सचिवमा अनिता बस्नेत र सहसचिवमा प्रतीकमान खड्कालाई चयन गरेको छ । त्यस्तै सदस्यहरूमा सुनीलकुमार झा, राजु बस्नेत, देवेन्द्र हुमागाईं, रामजी ठाकुर र सल्लाहकारमा पदमप्रसाद राजवंशी चयन हुनुभएको छ । कार्यक्रमका प्रमुख आतिथि गोपालकुमार बस्नेत हुनुहुन्थ्यो भने अन्य अतिथिहरूमा आनन्दकुमार बस्नेत, शिवानन्द झा, नरेन्द्र श्रेष्ठलगायतका हुनुहुन्थ्यो ।

### समूह-१, धनकुटा

एम्नेस्टी इन्टरनेसनल नेपाल निशानदीप समूह–१ धनकुटाको साधारण सभा २०६४ भदौ ६ गते सम्पन्न भयो । सो साधारण सभाको उद्घाटन एआई नेपालका केन्द्रीय सदस्य निर्मलबाबु श्रेष्ठ र विशिष्ट अतिथि पत्रकार महासंघ धनकुटाका सभापति विजयसन्तोषी राईले संयुक्त रूपमा गर्नुभएको थियो । कार्यक्रममा प्रमुख अतिथि श्रेष्ठ, विशिष्ट अतिथि राई, पत्रकार रमेशचन्द्र अधिकारी र समूहका सदस्यहरू डा. आरके शाह, पूर्णबहादुर याक्खा, बेलबहादुर थापा, बुद्धिकान्त घिमिरे, प्रकाश घिमिरे, देवी तामाङ र गुरुदेव बरालले पनि बोल्नुभएको थियो ।

सो अवसरमा एआई गतिविधिबारेमा समूहका सल्लाहकार तथा धनकुटा बहुमुखी क्याम्पसका उपप्राध्यापक ठाकुरप्रसाद बरालले मन्तव्य राख्नुभएको थियो । सो अवसरमा समूहको प्रगति र आर्थिक प्रतिवेदन कोषाध्यक्ष सिन्धु बरालले पेस गर्नुभएको थियो । कार्यक्रममा वसन्ती राईले स्वागत मन्तव्य तथा समूहका संयोजक विगेन्द्र याक्खाले सभापतित्व गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन समूह सदस्य केजी सुब्बाले गर्नुभएको थियो ।

### समूह-६६, दाङ



एम्नेष्टी इन्टरनेसनल समूह-६६ दाङ्गको साधारण

सभा २०६६ साउन १७ गते दाङमा सम्पन्न भएको छ। समूहका संयोजक माधवप्रसाद लामिछानेको सभापतित्वमा सम्पन्न कार्यक्रममा कोषाध्यक्ष प्रेम खडकाबाट समूहको आर्थिक प्रतिवेदन प्रस्तुत गरिएको थियो। सो अवसरमा समूहका सचिव प्रमोदकुमार न्यौपानेले समूहका गतिविधिसहितको प्रगति विवरण पेश गर्नु भएको थियो।

साधारण सभाले सचिव तथा कोषाध्यक्षबाट प्रस्तुत प्रतिवेदन सर्बसम्मतीले पारित गरेको थियो। समूहकी सदस्य कमला अधिकारीको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रममा समूहका सल्लाहकारद्वय पदम बैदीक, गोकर्ण डाँगी, अधिवक्ताद्वय मदन पोखरेल र रामशरण चौधरी, श्रीधर शर्मा, लोकबहादुर स्वर्णकार, खुमानन्द अधिकारी, बासुराम गिरी, कालाखोला माविका प्रधानाध्यापक टुकाराम भट्टराई, सीताराम चौधरीलगायतले पनि मन्तव्य राख्नु भएको थियो भने कार्यक्रमको सञ्चालन प्रमोदकुमार न्यौपानेले गर्नुभएको थियो।

### समूह-६१, पाटन




एम्नेष्टी इन्टरनेसनल समूह-६१ पाटनको २०६५ सालको साधारणसभा २०६६ सालको साउन ३१ गते ललितपुरको कुपण्डोलस्थित मिडिया हाउसको हलमा सम्पन्न भएको छ। सो साधारणसभाले अरुणकुमार बज्राचार्यको संयोजकत्वमा ९ सदस्यीय समूहको नया कार्यसमिति निर्विरोध रूपमा चयन गरेको छ। समूहको सचिव र कोषाध्यक्षमा क्रमश: नवराज कार्की, सोभेन्द्रराज जोशी तथा सदस्यहरूमा प्रेम भक्त महर्जन, पुष्पप्रसाद श्रेष्ठ, कोमल बदन मल्ल, रूपक महर्जन, सहनशीला शर्मा र नवीन मल्ल रहनु भएको छ।

साधारणसभाको पहिलो सेसन समूहका निवर्तमान संयोजक विवेन्द्र प्रधानाङ्गले गर्नु भएको थियो। समूहका सचिव अरुणकुमार बज्राचार्यले सो अवसरमा वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। यसैगरी समूहकाकोषाध्यक्ष सोमेन्द्रराज जोशीले वार्षिक आयव्यय विवरण पेश गर्नुभएको थियो। समूहका उपसंयोजक डा. मकेश्वरनाथ पाण्डेले समूहले आगामी वर्ष सञ्चालन गर्ने कार्यक्रमबारे जानकारी गराउनुभएको थियो। समूहको वार्षिक प्रतिवेदन तथा आयव्यय विवरण सभाले सर्बसम्मतरूपमा पास गरेको थियो। पहिलो सेसनको समापन गर्नुअघि केन्द्रबाट आउनुभएका उपसभापति केशव सिग्देलले एम्नेस्टी इन्टरनेसनल, यसको पहिचान र आवश्यकताका बारेमा जानकारी गराउनुभएको थियो भने समूहका संयोजक डा. श्रीबत्समान मल्लले आफनो मन्तव्यसहित कार्यक्रम समापन गर्नु भएको थियो। साधारण सभाको दोस्रो सेसनमा समूहका सल्लाहकार तथा निर्वाचन अधिकृत ओमराज ढकालले निर्वाचन सुरु भएको जानकारी दिंदै निर्वाचन कार्यको प्रारम्भ गर्नुभएको थियो। निर्वाचन अधिकृतले समूहका पदाधिकारीहरू निर्विरोध भएको घोषणा गर्नु भएको थियो।

कार्यक्रममा समूह-६१का संयोजक अरुणकुमार वज्राचार्यले आफ्नो मन्तव्यसहित सभा विसर्जनको घोषणा गर्नुभएको थियो। कार्यक्रममा समूहका केही सदस्यले आआफ्नो जिज्ञासा राख्नु भएको थियो भने समूह ९ बाट आउनु भएका उपसंयोजक सर्वज्ञ नायले पनि आफनो मन्तव्य राख्नु भएको सो समूहका संयोजक अरुणकुमार बज्राचार्यले बताउनुभएको छ।

### समूह-३२, काठमाडौं

एम्नेष्टी इन्टरनेसनल समूह-३२ को साधारण सभा २०६६ असार ६ गते काठमाडौंको गणबहालमा सम्पन्न भएको छ। सो सभाले समूहका संयोजक पर्शुराम न्यौपानेको कार्यव्यस्तताका कारण सहसंयोजक भुवनेश्वर पन्तलाई कार्यवाहक संयोजक दिनेसमेत निर्णय गरेको छ। बाँकी कार्यसमितिका सदस्यको पदभने यथावत नै राख्ने निर्णय गरिएको समूह सचिव प्रविन अग्रवालले जानकारी दिनुभयो।

### समूह-५२, बर्दिया

एम्नेष्टी इन्टरनेसनल समूह –५२ बर्दियाको २०६५ साल माघ ११ गते बसेको साधारण सभाले

सूर्यमोहन सापकोटाको संयोजकत्वमा नया कार्यसमिति निर्विरोध निर्वाचित गरेको छ । कार्यसमितिको उपसंयाजेक,सचिव र कोषाध्यक्षमा क्रमश भेषराज पौडेल, प्रेमप्रसाद अधिकारी तथा सदस्यहरूमा शेरबहादुर भण्डारी , हर्कबहादुर खड्का, मोइन अहमद् इद्रीसी, प्रताप लंसाल र सुनिल कुमार आचार्य रहनु भएको छ । यस्तै सल्लाहकारमा बाबुराम पन्थी र होमप्रसाद न्यौपाने चयन हुनुभएको छ । सो कार्यक्रममा बाबुराम पन्थी निर्वाचन अधिकृत तोकिनु भएको थियो ।

### समूह-६२, नेपालगन्ज

एम्नेष्टी इन्टरनेसनल नेपाल बागेश्वरी समूह ६२को नवौं वार्षिक साधारण सभा नेपालगञ्जमा २०६६ भदौ १३ गते सम्पन्न भएको छ । प्रेस स्वतन्त्रता सेनानी पन्नालाल गुप्ताको प्रमुख आतिथ्यता तथा समूह संयोजक राणा बलरामजंगको सभापतित्वमा सम्पन्न कार्यक्रममा रिक्त सचिव पदपूर्ति गरिनुका साथै आम्दानी र खर्चको विवरणसमेत पारित गरिएको थियो ।

साधारण सभाले रिक्त सचिव पदमा सुदिप शर्मा भट्टलाई नियुक्त गर्नुका साथै रिक्त सदस्य पदमा श्रीकृष्ण आचार्य र लक्ष्मण खनाललाई सर्बसम्मतिले मनोनित गर्ने निर्णय समेत गरेको कुरा समूहका संयोजक राणा बलरामजंग र सो समूहका संयोजक लक्ष्मी तिवारीले जानकारी गराउनु भएको छ ।

### समूह ५४ को साधारण सभा

एम्नेस्टी इन्टरनेसनल नेपाल अन्नपूर्ण समूह-५४ को वार्षिक साधारण सभा २०६६ भदौ १३ गते जिल्ला अदालत कास्कीका न्यायाधीश भोलानाथ चौलागाईंको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ ।

उक्त वार्षिक साधारण सभा शुरु गर्नुपूर्व सोही दिन एम्नेस्टी इन्टरनेसनल नेपाल अन्नपूर्ण समूह-५४ का सदस्यहरु, पोखरास्थित रामघाट आमा समूह, धर्मस्थली आमा समूह र सर्वेश्वर आमा समूहको सहभागितामा सभागृह चोकबाट शुरु भएको शान्ति र्‍याली चिप्लेढुंगा, महेन्द्रपुल, पालिखे चोक हुँदै गैरापाटनस्थित पोखरा उद्योग वाणिज्य संघको अमृत कक्षमा गई साधारण सभामा परिणत भएको थियो ।

विशिष्ट अतिथि राष्ट्रिय मानवअधिकार आयोग पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराका उपनिर्देशक दुर्गा खड्का, अतिथिहरु क्रमशः एम्नेस्टी इन्टरनेसनल नेपाल अन्नपूर्ण समूहको सहभागितामा सभागृह चोकबाट सुरु भएको शान्ति र्‍याली चिप्लेढुंगा, महेन्द्रपुल, पालिखे चोक हुँदै गैरापाटनस्थित पोखरा उद्योग वाणिज्य संघको अमृत कक्षमा गई साधारण सभामा परिणत भएको थियो ।

विशिष्ट अतिथि राष्ट्रिय मानवअधिकार आयोग पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराका उपनिर्देशक दुर्गा खड्का, अतिथिहरु क्रमशः एम्नेस्टी इन्टरनेसनल नेपालका केन्द्रीय सदस्यद्वय निर्मलबाबु श्रेष्ठ र मनिता पुन, नेपाल बार एसोसिएसनका केन्द्रीय उपाध्यक्ष मुकुन्द शर्मा पौडेल, नेपाल पत्रकार संघ, कास्कीका उपाध्यक्ष श्याम कुँवर, एम्नेस्टी इन्टरनेसनल नेपाल समूह-८२ का संयोजक पुण्यप्रसाद पौडेल, पोखरा उद्योग वाणिज्य संघका उपाध्यक्ष तीर्थ प्रधान, एम्नेस्टी इन्टरनेसनल नेपाल समूह-८२ का सल्लाहकार हेरम्बप्रसाद कोइराला, एम्नेस्टी इन्टरनेसनल नेपाल समूह ८२ का उपसंयोजक देवमणि भण्डारी, डा. केदार बस्नेत, एम्नेस्टी इन्टरनेसनल नेपाल समूह-५४ का सल्लाहकारद्वय दुर्गाप्रसाद तिमिल्सिना र कमलनाथ कुँवर, माछापुच्छ्रे युथ नेटवर्कका संयोजक अम्बिका तिमिल्सिनाको आतिथ्यता रहेको सो कार्यक्रममा समूहका उपसंयोजक डिल्लीराम भुसालले स्वागत मन्तव्य राख्नुभएको थियो ।

सो सभाले सचिवको वार्षिक प्रगति प्रतिवेदन आवश्यक संशोधनसहित सर्वसम्मतिले पारित गरेको छ । साथै सो सभाले कोषाध्यक्षको प्रतिवेदनउपर छलफल गरी आवश्यक संशोधनका लागिसमूहका संयोजक रामराज लामिछानेको संयोजकत्वमा समूहका पुर्वसंयोजक दुर्गाप्रसाद तिमिल्सिना, पूर्वकोषाध्यक्ष विजय बास्तोला, पूर्वसचिव डोलराज पोखरेल, वर्तमान कोषाध्यक्ष इन्दिरा कोइरालासमेतको पाँच सदस्यीय समितिसमेत गठन गरेको छ । साथै सो सभाले समूह ५४ कार्यसमितिले तयार पारेको विनियम २०६६ केन्द्रीय कार्यसमितिको स्वीकृतिपछि लागू हुने गरी सर्वसम्मतिले पारित गरेको छ । सो नवौं साधारण सभा समूह ५४ का संयोजक रामराज लामिछानेको सभापतित्वमा सम्पन्न भएको थियो भने कार्यक्रमको सञ्चालन समूहका सचिव विमलराज दवाडी र सहसचिव होमनाथ कोइरालाले गर्नुभएको थियो । ■

# सुरक्षित विद्यालय हरेक बालिकाको अधिकार

## समूह-६४, चितवनको अन्तरक्रिया



एम्नेस्टी इन्टरनेसनल समूह-६४ रत्ननगर चितवनले सुरक्षित विद्यालय हरेक बालिकाको अधिकार विषयमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको छ । समूह संयोजक रामचन्द्र मिश्रको सभापतित्वमा सम्पन्न कार्यक्रममा महिला मानवअधिकार रक्षक सावित्री बास्तोला प्रमुख अतिथि हुनुहुन्थ्यो । कार्यक्रमको संयोजन समूहका सदस्य विश्वनाथ खनालले गर्नुभएको थियो भने समूह सचिव डीपी रेग्मीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । विश्वनाथ खनालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको कार्यक्रममा वीरेन्द्रकुमार चौधरी, शशीकला अधिकारी, प्रकाशबाबु खनाल, शीला अधिकारी, विद्यार्थीहरू रिदीना थापामगर, सविन पौडेल, अम्बिका तिवारी तथा महिलाअधिकार मञ्च चितवनका सल्लाहकार महादेवी खतिवडाले पनि बोल्नुभएको थियो । सो अवसरमा एम्नेस्टी इन्टरनेसनलबारे उठेका प्रश्नको जवाफ समूहका सचिव धनप्रसाद रेग्मीले दिनुभएको थियो भने महिला र मानवअधिकारसम्बन्धी प्रश्नको जवाफ प्रमुख अतिथि सावित्री बास्तोलाले दिनुभएको थियो । कार्यक्रममा माध्यमिक विद्यालय तहका २५ छात्र र ३७ छात्राको सहभागिता रहेको थियो ।

## सुरक्षित विद्यालयबारे समूह ८३ को छलफल

विद्यालयमा बालिकाहरू सुरक्षित रहे मात्र उनीहरूको उपस्थिति बढाउन सकिने कुराको जानकारी गराउँदै यौनजन्य हिंसा, छुट्टै शौचालयको कमी, महिला शिक्षिका नहुनु आदिका कारणबाट बालिकाहरू विद्यालय जान नमान्ने गरेको एक छलफलमा बताइएको छ । एम्नेस्टी इन्टरनेसनल नेपाल समूह ८३ द्वारा दमकमा आयोजित एक छलफल कार्यक्रममा सो कुरा बताइएको हो । विद्यालयमा बालिका सुरक्षित हुनका लागि अभिभावक, शिक्षक, विद्यालय व्यवस्थान समिति, स्वयंमा विद्यार्थीहरूसमेतको सहयोग महत्वपूर्ण रहने कुराको जानकारी दिँदै एम्नेस्टी इन्टरनेसनल नेपाल समूह–८३ का संयोजक लेखनाथ निरौलाले सम्बन्धित क्षेत्रको सहयोगका लागि आग्रह गर्नुभयो ।

२५ जना छात्रछात्रासहित ३५ जनाको सहभागिता रहेको कार्यक्रम करिब ३ घण्टा सञ्चालन भएको थियो । कार्यक्रम एम्नेस्टी इन्टरनेसनल नेपाल समूह–८३ को आयोजना तथा एम्नेस्टी इन्टरनेसनल नेपालको सहयोगमा २०६६ जेठ २५ गते दमक नगरपालिका वडा नं. १८ मा सम्पन्न भएको थियो ।

## समूह-१७, भक्तपुरको कार्यक्रम

ए.आई. नेपाल समूह-१७ भक्तपुरको आयोजनामा २०६६ साउन २४ गते शनिबार 'विद्यालयमा छात्राको सुरक्षा' शीर्षकमा शिक्षकशिक्षिकाहरुका लागि तालिम सफलतापूर्वक सम्पन्न भएको छ ।

सो कार्यक्रममा एन. प्याब्सन भक्तपुर शाखाका शिक्षकशिक्षिकाहरुको सहभागिता थियो । जसमा १० जना शिक्षिका र २६ जना शिक्षकहरु गरी जम्मा ३६ जनाको सहभागिता रहेको थियो । सो तालिमलाई ए.आई. नेपाल शाखाका उपसभापति एवम् प्रशिक्षक केशव सिग्देलले उद्घाटन एवम् प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा ए.आई. समूह-१७ का सदस्य शिवकृष्ण कवांले स्वागत मन्तव्य र शिक्षक राजेन्द्र कोजुले मन्तव्य र समूहका सल्लाहकार विक्रम दुकुछुले धन्यवाद कार्यक्रमको समापन गर्नुभएको थियो । सो तालिम एन. प्याब्सन भक्तपुर शाखाको कार्यालयमा सम्पन्न भएको थियो ।

## लमजुङमा अन्तरक्रिया

एम्नेस्टी इन्टरनेसनल सुन्दरबजार युवा सञ्जालको आयोजनामा २०६६ असार २० गते लमजुङ क्याम्पसको अडिटोरियम हलमा 'सुरक्षित विद्यालय प्रत्येक बालबालिकाको अधिकार' विषयक अन्तरक्रिया कार्यक्रममा नागरिक समाजका प्रतिनिधि, बुद्धिजीवी र विद्यार्थीहरूको उल्लेख्य सहभागितामा सम्पन्न भएको छ । सुन्दरबजार युवा सञ्जालका संयोजक अनिल अधिकारीको सभापतित्व र कृषि तथा पशु विज्ञान अध्ययन संस्थान लमजुङ क्याम्पसका प्रमुख डा. यमबहादुर गुरुङको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रमको सञ्चालन विप्लवकुमार गुप्ताले गर्नुभएको थियो । उक्त कार्यक्रममा स्वागत मन्तव्य प्रमिला अवालेले गर्नुभएको थियो ।

ग्रोसर र पर्चा वितरित उक्त कार्यक्रममा सेक्सन सर्कुलर तारा शर्माले पढेर सुनाउनुभएको थियो भने चण्डिका लामाले सो विषयमा प्रकाश पार्नुभयो । उक्त कार्यक्रममा राधिका बर्तौलाले कार्यक्रमको उद्देश्यका बारेमा प्रकाश पार्नुभएको थियो भने मनी अवालेले अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा एआईद्वारा प्रकाशित प्रतिवेदनमाथि चर्चा गर्नुभएको थियो । सोही प्रतिवेदनको बाँकी अंशका बारेमा सन्दरबजार युवा सञ्जालका सदस्य अनिल अधिकारीले प्रकाश पार्नुभएको थियो ।

सो अवसरमा समूह २७ का संयोजक रामकृष्ण भण्डारीले रोग निधानका बारेमा बोल्नुभएको थियो भने स्थानीय बुद्धिजीवी नानु अधिकारीले आआफ्ना तह र तप्कामा रहेर बालिकाहरूमाथि हुने हिंसाविरुद्ध सक्दो प्रयास गरिएको खण्डमा मात्र बालिकाको लागि सुरक्षित विद्यालय निर्माण गर्न सकिने धारणा राख्नुभयो । सो अवसरमा मन्तव्य व्यक्त गर्नेहरूमा कृषि क्याम्पस लमजुङका स्ववियु सभापति सुरेन्द्र सुवेदी, नेपाल युवा रेडक्रसका अध्यक्ष रामेश्वर पौडेल, त्रिवि प्राध्यापक संघका कार्यवाहक सभापति तथा प्राध्यापक हरिकृष्ण पन्थलगायतले बोल्नुभएको थियो । कार्यक्रमको समापन समूह संयोजक अनिल अधिकारीले गर्नुभएको थियो । ■

# ■ समाचार संक्षेप ■

### नेपालगन्जमा युवाबीच अन्तरक्रिया

एम्नेस्टी इन्टरनेसनलको नेपालगन्ज युथ नेटवर्कद्वारा २०६६ असार २० गते 'मानवअधिकार र एम्नेस्टी इन्टरनेसनल' विषयमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा कुल २३ जनाको सहभागिता रहेको थियो । सो अवसरमा पत्रलेखनलगायतका विविध गतिविधिका बारेमा समेत जानकारी दिइएको थियो । सो कार्यक्रमको सहजकर्ताको भूमिका एम्नेस्टी इन्टरनेसनलका उपसभापति केशव सिग्देलले गर्नुभएको थियो भने उहाँलाई समूह–६२ का पूर्वसंयोजक तथा अधिवक्ता विश्वजित तिवारीले सघाउनुभएको थियो । उद्घाटन सत्रमा उपाध्यक्ष सिग्देल, समूह–६२ का संयोजक राणा बलरामजंग कोहलपुर युथ नेटवर्कका संयोजक गोविन्द वाग्ले र समूह–६२ का कोषाध्यक्ष लक्ष्मी तिवारीले मानवअधिकारका बारेमा आआफ्ना भनाइ राख्नुभएको थियो ।

### क्याम्बोडियामा ज्यादतीविरुद्ध हस्ताक्षर संकलन

क्याम्बोडिया सरकारले राजधानी नोम्पेन्हस्थित १ सय ६० परिवारको घर भत्काएको विरोधमा स्वयम्भूस्थित एम्नेस्टी इन्टरनेसनलका सदस्यहरूले भदौ ५, २०६६ का दिन हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गरे । सो कार्यक्रम गणेश अमगाई र कुमार श्रेष्ठको पहलमा भएको हो ।

कार्यक्रम स्वयम्भूस्थित लिटिल बुद्ध एकेडेमीको परिसरमा भएको थियो । लिटिल बुद्ध एकेडेमी मनोक्रान्ति योग साधना बिहारले तीजको विशेष कार्यक्रमसमेत आयोजना गरेको थियो । सो बिहारका कोषाध्यक्ष शंकर घिमिरेले हस्ताक्षर संकलनको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो ।

### समूह- ३७ द्वारा हाजिरी जवाफ

एम्नेस्टी इन्टरनेसनल नेपाल समूह–३७ भद्रपुरले मानवअधिकार तथा युवावर्गमा चेतना फैलाउने उद्देश्यले विश्व रेडक्रस दिवसको उपलक्ष्यमा २०६६ वैशाख २५ गते अन्तर उच्च माविस्तरीय हाजिरी जवाफ कार्यक्रमको आयोजना गरेको छ । उक्त प्रतियोगितामा ७ वटा उच्च माविको सहभागिता रहेको थियो । प्रतियोगितामा प्रोभिडेन्स कलेज बिर्तामोड प्रथम, कन्काई आवासीय मावि द्वितीय र वीरता उच्च माविले तृतीय स्थान हासिल गरेका थिए । सो कार्यक्रममा विजयी विद्यार्थीलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । कार्यक्रमको सञ्चालन सचिव सुशीलकुमार श्रेष्ठले गर्नुभएको थियो ।

### विद्यार्थीका लागि मेची युथ नेटवर्कको कार्यक्रम

एम्नेष्टी इन्टरनेसनल नेपाल समूह-७० अन्तर्गतको मेची युथ नेटवर्कले स्थानीय नर्थ प्वाइन्ट उच्च माध्यमिक विद्यालय काकडभिट्टामा कक्षा ११ का विद्यार्थीहरुलाई एम्नेष्टी इन्टरनेसनलबारे जानकारी दिन कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रम युथ नेटवर्कका संयोजक भूमिका सुब्बाको अध्यक्षता र केन्द्रीय अध्यक्ष हेम कुमार खड्काको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

### समूह–८२ को अन्तरक्रिया



एम्नेस्टी इन्टरनेसनल नेपाल समूह–८२ पोखराको आयोजनामा 'नेपालमा मानवअधिकारको क्षेत्रमा एम्नेस्टी इन्टरनेसनलको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रमका प्रमुख अतिथि एवम् एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाका केन्द्रीय सभापति हेमकुमार खड्काले मानवअधिकारको अन्तर्राष्ट्रिय घोषणापत्रमा उल्लेख भएका धाराहरूको रक्षा गर्ने जिम्मेवारी एम्नेस्टी इन्टरनेसनलको भएको बताउनुभयो ।

सो कार्यक्रममा बोल्दै उहाँले मानवअधिकार संरक्षण र दण्डहीनता अन्त्यका लागि रोमविधान तत्काल अनुमोदन गर्नुपर्नेसमेत बताउनुभयो । समूहका संयोजक पुण्यप्रसाद पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा एआईका केन्द्रीय सभापति हेमकुमार खड्का, केन्द्रीय सदस्य निर्मलबाबु श्रेष्ठ, सो समूहका सल्लाहकारद्वय

हेरम्बप्रसाद कोइराला र विश्वेश्वर पराजुली, उपाध्यक्ष देवमणि भण्डारीलगायतले कार्यक्रमको उद्देश्यका बारेमा प्रकाश गर्नुभएको थियो । सो अवसरमा महिलाअधिकारका बारेमा देवी बराल, गोविन्द ढकाल, रचना श्रेष्ठ, गोपाल भुसाल र डिल्लीराम अधिकारीले पनि बोल्नुभएको थियो भने समूहकी सचिव गीता विष्ट लामिछानेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

### क्रिएटिभ युथ नेटवर्कद्वारा हाजिरीजवाफ



एम्नेस्टी इन्टरनेसनलको पूर्वी चितवन क्षेत्रीय अन्तरनिमावि हाजिरी जवाफ प्रतियोगिता डिसेम्बर १०, २००८ का दिन पूर्वी चितवनको हिमालय आवासीय माविमा सम्पन्न भएको छ । कार्यक्रमको सभापतित्व नेटवर्कका संयोजक प्रकाशकुमार बर्नवालले गर्नुभएको थियो ।

सो प्रतियोगितामा स्काइडर आवासीय माध्यमिक विद्यालय प्रथम, सिद्धिविनायक आवासीय माध्यमिक विद्यालय द्वितीय र न्यु स्पिड आवासीय माध्यमिक विद्यालय तृतीय भएका थिए । पुरस्कृत विद्यालयका प्रतिनिधिलाई प्रमुख अतिथि एवम् समूह-६४ का संयोजक रामचन्द्र मिश्र, विशेष अतिथि हिमालयन आ.माविका प्राचार्य हरि शर्मा आचार्य, अतिथिद्वय समूह-६४ का सचिव धनप्रसाद रेग्मी र सोही समूहका कार्यसमिति सदस्य वीरेन्द्रकुमार चौधरीलगायतले पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो । सो अवसरमा सहभागीहरूले मानवअधिकारका बारेमा आआफ्नो धारणा राख्नुभएको थियो ।

### समूह -६६ को अन्तरक्रिया

दाङस्थित एम्नेस्टी इन्टरनेसनलको समूह ६६ ले २०६६ साउन ३० गते वर्तमान अवस्थामा एम्नेष्टी इन्टनेसनलको भूमिका विषयमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको छ । एम्नेष्टी इन्टरनेसनलका राष्ट्रिय कार्यसमिति सदस्य यशोदा उपाध्याय दाङ जानुभएको अवसरमा सो कार्यक्रम आयोजना गरिएको थियो । समूहका संयोजक माधवप्रसाद लामिछानेको अध्यक्षता तथा यशोदा उपाध्यायको प्रमुख आतीथ्यतामा सम्पन्न सो



## 'लज्जाजनक निर्णय'

म्यान्मारकी विपक्षी नेत्री आङसाङ सुकीलाई जेलमा हाल्ने त्यहाँको अदालतको निर्णयलाई एम्नेस्टी इन्टरनेसनलकी महासचिव आइरिन खानले लज्जाजनक बताउनुभएको छ ।

उहाँले ११ अगस्ट २००९ मा आफ्नो एक वक्तव्यमा उनको गिरफ्तारी छानबिन र दोषी फैसला कानुनी र राजनीतिक नाटकबाहेक केही होइन भन्नुभएको छ ।

११ अगस्टका दिन यांगुनस्थित अदालतले गत मे महिनामा दुई अपरिचित व्यक्ति उनको घरमा बसेको भन्दै त्यसलाई सुकीको घरमै नजरबन्दको आदेशविपरीतको कार्य भनेको थियो । ■

कार्यक्रममा कानून व्यवसायी, अधिकारकर्मी तथा एम्नेष्टी इन्टरनेसनलका सदस्यहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमको सहीकरण समूह ६६ का सचिव प्रमोद कुमार न्यौपानेले गर्नु भएको थियो । सो अवसरमा मन्तव्य राख्नुहुनेहरुमा मानवअधिकार संरक्षण मञ्च दाङका अध्यक्ष पदम वैदिक, समूहका सल्लाहकार गोकर्ण डाँगी, सेलर्ड दाङका संयोजक मदन पोखेल, अधिवक्ता अरुणकुमार आचार्य, प्रेम खड्का, रामशरण चौधरी र खुमानन्द चौधरी हुनुहुन्थ्यो । सो अवसरमा कमला अधिकारीले कार्यक्रमको सुरुमा स्वागत मन्तव्य राख्नु भएको थियो ।

### अन्नपूर्ण समूह-५४ को अन्तरक्रिया



एम्नेष्टी इन्टरनेसनल नेपाल शाखाअन्तर्गतको अन्नपूर्ण समूह-५४को वार्षिक साधारण सभाको पूर्वसन्ध्यामा 'महिलासँग मानवअधिकार' विषयक अन्तरक्रिया कार्यक्रम साउन २९ गते पोखरामा सम्पन्न भएको छ । पोखरा-५ पर्स्याङस्थित धर्मस्थली स्कूल परिसरमा एआइ नेपाल र धर्मस्थली आमा समूहबीच सो अन्तरक्रिया भएको थियो । सो अवसरमा एआई नेपाल अन्नपूर्ण समूह-५४का संयोजक रामराज लामिछानेको विशेष उपस्थिति रहेको थियो ।

कार्यक्रमको सभापतित्व धर्मस्थली आमा समूहकी अध्यक्ष दिलमाया कोइरालाले गर्नु भएको थियो । अन्नपूर्ण समूहका संयोजक लामिछानेले 'एम्नेस्टी इन्टरनेसनल भनेको सामान्य व्यक्तिहरुबाट सञ्चालित ठूलो अभियान हो, मानवअधिकारको यस अभियानमा तपाईं सबै महिला दिदीबहिनीहरु एकजुट भएर लाग्नुपर्दछ' -भन्नुभएको थियो । साथै आफ्नो अधिकार र कर्तव्यप्रति सहकार्य गरी अघि बढ्नसमेत उहाँले आग्रह गर्नुभएको थियो ।

सो समूहका सदस्य तथा प्रशिक्षण संयोजक चुडामणी सुवेदीले एम्नेष्टी इन्टरनेसनलकाबारेमा जानकारी एवं सहजीकरण गर्नु भएको थियो । कार्यक्रममा कार्यसमितिका कोषाध्यक्ष इन्दिरा कोइराला, सहसचिव होमनाथ कोइराला लगायतले आआफनो मन्तव्य राख्नु भएको थियो । सो कार्यक्रममा स्वागत मन्तव्य सुनिता कोइराला र कार्यक्रम सञ्चालन निर्मला कोइरालाले गर्नु भएको समूह संयोजक रामराज लामिछाने र प्रचारप्रसार उपसमितिका संयोजक विवेक घिमीरेले जानकारी गराउनु भएको छ ।

### सिरहामा निर्माणाधीन समूहको तीज महोत्सव

एम्नेस्टी इन्टरनेसनल नेपालको सिराहाको लहान स्थित निर्माणाधिन समूहले २०६६ सालको तीजका अवसरमा भदौ ७ गते विभिन्न जातजातीका महिलालाई भेला गरेर तीज महोत्सब मनाएको छ । सो अवसरमा विभिन्न क्षेत्रका बुद्धिजीवी, पत्रकार, प्रहरी प्रशासन र सशस्त्र प्रहरी बलका प्रतिनिधीको सहभागिता रहेको थियो ।

सो कार्यक्रमको सहसंयोजकको भूमिका भाष्कर मिश्र र ज्ञानु राउतले गर्नु भएको थियो । साथै समितिका अन्य महिला सदस्यले पनि उल्लेख्य योगदान गर्नु भएको सो समूहका संयोजक विनोदकुमार भट्टले जानकारी गराउनुभयो ।

### श्रीलंकाली पत्रकारका लागि हस्ताक्षर संकलन

एम्नेष्टी इन्टरनेसनल नेपाल समूह-३२ काटमाडौंले श्रीलंकाका पत्रकार जे.एस . टिसाइतायगमलाई अविलम्ब हिरासतमुक्त गर्न र निजको स्वतन्त्र विचार व्यक्त गर्न पाउने अधिकारको सम्मान गर्न माग गर्दै १० अगष्ट , २००९का दिन काठमाण्डौंको नयाँ सडकमा हस्ताक्षर संकलन कार्यको आयोजना गऱ्यो । श्रीलंकाली सरकारले तमिल समर्थित भएकै कारण पत्रकार टिसाइतायगमलाई लामो समयदेखि थुनामा राखेको छ र आफन्त तथा वकिललाई समेत भेट गर्न दिएको छैन ।

सो अवसरमा श्रीलंकाली पत्रकारको रिहाईको माग गर्दै १हजार ५सय हस्ताक्षर संकलन गरिएको थियो । कार्यक्रममा केन्द्रीय सदस्य राजन कुइकेल र कार्यक्रम

अधिकृत भोला भट्टराईको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा समूहका तर्फबाट राकेश अग्रवाल, भुवनेश्वर पन्त, प्रवीन अग्रवाल र सन्तोष ओझाको सक्रिय सहभागिता रहेको समूह ३२का सचिव प्रविन अग्रवालले जानकारी दिनु भएको छ ।

### निर्माणाधीन महिला समूहद्वारा अनुशिक्षण



एम्नेस्टी इन्टरनेसनल केन्द्रीय कार्यसमितिको सञ्चालन तथा यसअन्तर्गतको निर्माणाधिन महिला समूह गोर्खाद्वारा २०६६ साउन १८गते एक दिवसीय अनुशिक्षण कार्यक्रम आयोजना गरियो ।

सो कार्यक्रमको उद्घाटन प्रमुख अतिथी जिल्ला न्यायाधिश प्रभा बस्नेतले गर्नु भएको थियो । निर्माणाधिन महिला समूह गोरखाकी संयोजक मञ्जु अर्यालको अध्यक्षतामा भएको सो कार्यक्रममा प्रमुख जिल्ला अधिकारी जीवनप्रसाद ओली, एम्नेस्टी इन्टरनेसनल नेपालका केन्द्रीय निर्देशक रामेश्वर नेपाल, केन्द्रीय सदस्य राजन कुइँकेल, मानवअधिकार तथा शान्ति समाजका केन्द्रीय सदस्य स्थानेश्वर दुवाडी, मानवअधिकार तथा शान्ति समाज गोरखाका अध्यक्ष यदु अधिकारी, सचिव सीताराम तिवारी, जिविस सूचना अधिकृत पार्वती अधिकारी लगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सो अवसरमा सहभागिता रहेको थियो ।

उद्घाटन कार्यक्रममा मन्तव्य दिनुहुदै जिल्ला न्यायाधिश बस्नेतले अपराधीलाई कारवाही हुनुपर्ने र दण्डहीनताको अवस्थाको अन्त्य हुनुपर्ने कुरामा जोड दिनुभयो । कार्यक्रमका अतिथी एवं प्रमुख जिल्ला अधिकारी जीवन प्रसाद ओलीले मानवअधिकार र न्यायप्रणालीबारेमा बोल्नु भएको थियो । कार्यक्रमको उदेश्यबारेमा केन्द्रीय निर्देशक रामेश्वर नेपालले जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा उपस्थित सबैलाई निर्माणाधिन समूह कोषाध्यक्ष कल्पना श्रेष्ठले स्वागत गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन विनु वाग्लेले गर्नुभएको थियो । कार्यक्रमका संयोजक मञ्जु अर्यालले उपस्थित सबैलाई धन्यवाद दिनु भएको थियो ।

अनुशिक्षणको प्रारम्भमा केन्द्रीय निर्देशक रामेश्वर नेपालले एम्नेस्टी इन्टरनेसनलको इतिहास र उदेश्य तथा अब गर्नुपर्ने कार्यका बारेमा प्रकाश पार्नुभएको थियो । दोस्रो सत्रमा केन्द्रीय सदस्य राजन कुइकेलले नेपालमा एम्नेस्टी इन्टरनेसनलको सांगठनिक संरचनाबारेमा जानकारी गराउनु भएको थियो ।

तेस्रो तथा अन्तीम सत्रमा एम्नेष्टी इन्टरनेसनलका समूहहरुले गर्ने कार्यबारे पत्र लेख्ने अभियान सञ्चालन गर्नेजस्ता क्रियाकलापबारेमा जानकारी गराइएको थियो । अनुशिक्षणको अन्त्यमा सहभागीको तर्फबाट १० मिनेट समिक्षा गरिएको निर्माणाधिन समूहका सचिव विनु वाग्लेले जानकारी गराउनुभयो ।

### युथ नेटवर्क पुनर्गठन

एम्नेस्टी इन्टरनेसनल नेपाल, ग्रुप १७ का सल्लाहकार रामसुन्दर खाइजु र सदस्य विक्रम ढुकुछुको उपस्थितिमा भक्तपुर युथ नेटवर्कको पुनर्गठन गत भदौ १३ गते सम्पन्न भयो । जसमा हाल कायम रहेको कार्यसमितिमा रहेका संयोजक तथा उपसंयोजकहरुलाई युथ नेटवर्क सम्बन्धमा अझ बढी जानकारीहरु हासिल गर्न बाँकी रहेको हुँदा उक्त कार्यसमितिमा रहेका संयोजक विन्दिरा खाइजु र उपसंयोजक राम थापालाई आगामी दुई वर्षका लागि सर्वसहमतिबाट मनोनीत गर्ने निर्णय गरियो ।

साथै भक्तपुर युथ नेटवर्कले आप्रवासी कामदारहरुको अधिकार विषयक अभियानमा सहभागी हुन इच्छुक रहेको समेत जनाएको छ ।

### लालीगुराँस युथ नेटवर्कको कार्यक्रम

भारतको उडिसा राज्यमा सञ्चालित आल्मुनियम रिफाइनरी उद्योगले त्यहाँका आदिवासी जनजातिहरुलाई पुऱ्याएको असरले उनीहरुको मानवअधिकार उल्लंघन भएको घटनालाई लिएर काठमाडौं स्थिति ए.आई. नेपाल, एभरेस्ट समूह-३४ अन्तर्गतको लालीगुराँस युथ नेटवर्कले एक हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गऱ्यो ।



२०६६ भदौ १९ गते गरिएको सो कार्यक्रममा उक्त उद्योगबाट वातावरणमा सुधार गर्न आफ्नो प्रतिबद्धता पूरा नगरेसम्म उद्योगलाई क्षमता वृद्धि गरी सञ्चालन गर्न अनुमति नदियोस् भनेर उडिसा सरकार र भारतको केन्द्रीय सरकारलाई आह्वान गर्दै दबाबमूलक हस्ताक्षर कार्यक्रम सम्पन्न गरिएको थियो ।

साथै उक्त कार्यक्रममा ए.आई. नेपालबाट उपलब्ध गराइएको 'स्वस्थ वातावरण नै मानवअधिकार हो' लेखिएको पर्चा वितरण गरिएको थियो । उक्त अभियानमा आफ्नो ऐक्यबद्धता जनाउँदै ३ सयभन्दा बढी व्यक्तिले कार्डमा हस्ताक्षर गरेका थिए । नेटवर्क संयोजक भरत खड्का र उपसंयोजक शान्ता आस्थितीको संयोजनमा सम्पन्न कार्यक्रममा सो नेटवर्कका सदस्यहरुको उल्लेख्य सहभागिता थियो । ■

# भावी संविधानमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सन् १९६६ मा संयुक्त राष्ट्रसंघद्वारा पारित भई १९७६ देखि लागू भएका 'आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र/अनुबन्ध (ICESCR) र 'नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र/अनुबन्ध' (ICCPR) को नेपाल २०४८ सालदेखि पक्षराष्ट्र बनेको छ । नागरिक तथा राजनीतिक अधिकार र आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारलाई क्रमशः पहिलो र दोस्रो पुस्ताको अधिकार मानिए पनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र नागरिक तथा राजनीतिक अधिकारहरू अन्योन्याश्रित छन् ।

पछिल्ला समयमा बनेका विकासशील राष्ट्रका संविधानहरूलाई हेर्ने हो भने नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको व्यवस्था गर्दा मौलिक हकमा कानुनको शर्त राखेको पाइँदैन । तर, नेपालमा यी अधिकारहरू प्राप्त गर्नका लागि कानुनी अवरोध तेर्स्याएर सरकार अन्तर्राष्ट्रिय मापदण्ड र प्रतिबद्धताबाट विचलित भएको छ । अन्तरिम संविधान २०६३ मा अन्तरिम संविधान मस्यौदा समितिद्वारा प्रस्तावित मौलिक अधिकारका रूपमा सिफारिस गरिएका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अधिकारको प्रावधानविपरीत कानुनी अड्चन राखियो जसले गर्दा राज्यलाई जिम्मेवारीबाट पन्छिन् बाटो मिल्यो भने यी अधिकारको गाम्भीर्यता पनि घट्यो ।



गत साउन १३ गते एम्नेस्टी इन्टरनेसनल नेपाल र मानवअधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड) द्वारा आयोजित 'आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार : भावी संविधानमा मौलिक अधिकार' विषयक अन्तरक्रियाका सहभागीहरू ।

यसैबीच एम्नेस्टी इन्टरनेनल नेपाल र मानवअधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड) द्वारा 'आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार : भावी संविधानमा मौलिक अधिकार' विषयक अन्तरक्रिया कार्यक्रम १ साउन २०६६ मा आयोजना गरियो ।

एम्नेस्टी इन्टरनेसनलका संस्थापक नूतन थपलियाले 'प्रस्तावित संविधानको मौलिक अधिकारको प्रावधानमा समेट्नुपर्ने आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत कार्यपत्रमाथि अधिवक्ता राजेश हमालद्वारा टिप्पणी गरिएपछि फ्लोर खुल्ला गरी अतिथि वक्तासहित सहभागीहरूबाट धारणा राखिएको थियो । सो अवसरमा विष्णुपुकार श्रेष्ठद्वारा कार्यक्रमको निष्कर्ष मत प्रस्तुत गरिएको थियो भने केशव सिग्देल (सभाका अध्यक्ष) द्वारा समापन गरिएको थियो । ■




© एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनलका महासचिव आइरिन खान केन्याको नैरोबीमा त्यहाँका महिलाहरूसँग अनौपचारिक बसोबास कार्यक्रममा, जुन २००९।

**उच्चतहको द्वन्द्व होस् वा विश्वको बिर्सिएको कुनै कुनो नै किन नहोस् एम्नेस्टी इन्टरनेसनल न्याय र स्वतन्त्रताका लागि लडिरहन्छ । अझ राम्रो विश्वको निर्माणका लागि सार्वजनिक सहयोग खोजिरहन्छ ।**

**तपाई के गर्न सक्नुहुन्छ ?**

विश्वभरि रहेका अभियन्ताहरूले देखाए कि मानवअधिकारलाई कम आँक्ने खतरनाक शक्तिविरूद्ध लड्न सम्भव छ । यो आन्दोलनको एक हिस्सा हुनुहोस् र जसले घृणा र डर उत्पन्न गर्न खोज्छन् उनीहरूमाथि विजय प्राप्त गर्नुहोस् ।

- एम्नेस्टी इन्टरनेसनलमा संलग्न हुनुहोस् र मानवअधिकार उल्लंघनको विश्वव्यापी अभियानको एक हिस्सा हुनुहोस् । फरक बनाउनका लागि हामीलाई मद्दत गर्नुहोस् ।

**एकैसाथ रहेर हामीले हाम्रा आवाजलाई सुनाउन सक्छौं ।**

# बेपत्ता

पेज २ (माथिबाट बायाँदेखि दायाँ)

फजियल फराज पाकिस्तान, बसिर मुत्सुल्गोभ रूसी महासंघ, अल्बियन कुम्नोभा कोसोभो, इब्रिमा मानेह गाम्बिया, फाराजी मुहम्मद सालेम बेह ब्रेइका मोरक्को, इब्राजिम गज्डिभ रूसी महासंघ, जोर्ग जुलियो लोपेज अर्जेन्टिना, अनाजुलिया मेजिया रामिरेज एलसाल्भाडोर, सलाह साकार अल्जेरिया, जिन डियान्डी सेनेगल, विष्णुपुकार श्रेष्ठ नेपाल

पेज ३ (माथिबाट बायाँदेखि दायाँ)

मसुद अहमद जाजन्वा पाकिस्तान, तानियस क्यामिले अल हाबर सिरिया, अलेइड फोप्पा ग्वाटेमाला, अलेक्सिज इटिएन डियत्ता सेनेगल, अमिनान्त डुगाइभा रूसी महासंघ, उसमा फक्री मुस्ताफा बजुर सिरिया, पुष्पराजा कन्डहिया श्रीलंका, मिलन नेपाली नेपाल, जिहाद जर्ज इद सिरिया, अस्टर फिसेहात्सन इथियोपिया, अर्नोल्डो जी ग्वाटेमाला, आले सुरेश मगर नेपाल, एन्टोइन नियाफौना सेनेगल, बेकिन बुन्जाकु कोसोभो, नुहा नाई अली सिरिया, हाकिम चेर्ग्युइट अल्जेरिया, जेसस पेड्रा इवारा मेक्सिको

पेज ४ (माथिबाट बायाँदेखि दायाँ)

कीरुबेकारन गियानेसालिनो यम श्रीलंका, बुलात् चिलाएभ रुसी महासंघ, जेम्स बलाओ इन्डोनेसिया, जाफर सादिक हम्जाह इन्डोनेसिया, ग्रेटिएन रुहोराहोजा रुवान्डा, अली लख्दर चाउच अल्जेरिया, वाफा फाहमी अली अबिदात सिरिया, मायरा एन्जेलिना गुटिएरेज हर्नान्डेज ग्वाटेमाला, अब्देल्क्रिम अरिबी अल्जेरिया, गोपालापिल्लाई जयरत्नम श्रीलंका, इमाद इब्राहिम अब्दुल अल हादी हमाद सिरिया, सारानी मंगा बादियान सेनेगल, श्रीजेगम कन्डिहा श्रीलंका, मुन्जिर सरिफ क्वासिम नाजल सिरिया,
हाउसाइन इल मन्जुरी मोरक्को, दुइया ग्याट बेनाजिया अल्जेरिया, मोइज् नदोये दिअत्त सेनेगल, तौफिक बेल्मोख्तार अल्जेरिया, रुबिन गिलेर्मो जुराडो आर्मेन्डारिज मेक्सिको, केथेश्वरम् काथिभाभेतपिलाई श्रीलंका।

एम्नेस्टी
इन्टरनेसनल